सार्वजनिक निष्काशनको सामान्य योग्यता सम्बन्धी निर्देशिका, २०८३

(मस्यौदा)

नेपाल धितोपत्र बोर्ड

खुमलटार, नेपाल

२०८३ असोज

सार्वजनिक निष्काशनको सामान्य योग्यता सम्बन्धी निर्देशिका, २०८३ *(मस्यौदा)*

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम **"सार्वजनिक निष्काशनको सामान्य योग्यता सम्बन्धी निर्देशिका, २०८३"** रहेको छ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो निर्देशिका नेपालमा सार्वजनिकरूपमा शेयर निष्काशन गर्न चाहने सबै संगठित संस्थाहरूको हकमा लागू हुनेछ।

(४) सार्वजनिक निष्काशनका अवस्थालाई मध्यनजर गरी कुनै विषयसँग सम्बन्धित व्यवस्थाहरू बोर्डले समयसमयमा हेरफेर गर्न सक्नेछ।

२. उद्देश्यः यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निष्काशनका लागि योग्य, पारदर्शी तथा दिगो संगठित संस्थाहरूको छनोट सुनिश्चित गर्ने।

(ख) लगानीकर्ताको हित संरक्षण गर्ने।

(ग) पूँजी बजारमा निष्पक्ष, व्यवस्थित तथा विश्वसनीय सार्वजनिक निष्काशन प्रणाली विकास गर्ने।

(घ) सुशासन, वित्तीय अनुशासन तथा पारदर्शितालाई प्रवर्द्धन गर्ने।

(ङ) विभिन्न उद्योगको प्रकृति अनुरूप जोखिममा आधारित प्रारम्भिक सार्वजनिक निष्काशन योग्यता प्रणाली विकास गर्ने।

(च) नेपालको पूँजी बजारको दीर्घकालीन तथा दिगो विकासमा योगदान पुऱ्याउने।

३. लागू हुने क्षेत्रः यो निर्देशिका देहायका संगठित संस्थाहरूमा लागू हुनेछः

(क) सर्वसाधारणमा धितोपत्र निष्काशन गर्न चाहने संगठित संस्था।

(ख) पब्लिक संगठित संस्थामा रूपान्तरण भई सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्था।

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक निष्काशन गर्न स्वीकृति प्राप्त अन्य संस्था।

४. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(ख) "संगठित संस्था" भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्नेगरी प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ । तर सो शब्दले प्राइभेट लिमिटेड कम्पनी वा सहकारी संस्थालाई जनाउने छैन ।

(ग) "सार्वजनिक निष्काशन" भन्नाले संगठित संस्थाले पहिलो पटक आफ्नो धितोपत्र बिक्री गर्न सर्वसाधारण समक्ष विवरणपत्र प्रकाशन गरी राखेको प्रस्ताव सम्झनु पर्छ।

(घ) "धितोपत्र" भन्नाले प्रचलित धितोपत्र सम्बन्धी कानून बमोजिमको धितोपत्र सम्झनु पर्छ।

(ङ) "स्वतन्त्र सञ्चालक" भन्नाले प्रचलित कानून बमोजिम स्वतन्त्र मानिने सञ्चालक सम्झनु पर्छ।

(च) "संस्थापक शेयरधनी" भन्नाले संगठित संस्था स्थापना गर्ने वा नियन्त्रण कायम राख्ने व्यक्ति वा संस्था सम्झनुपर्छ। साथै प्रचलित संगठित संस्था कानूनले परिभाषित गरे बमोजिमको संस्थापक शेयरधनी समेत सम्झनुपर्छ।

(छ) "खुद सम्पत्ति (नेटवर्थ)" भन्नाले सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरू (सम्पत्तिको पुर्नमूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरू तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ।

(ज) "योग्यता मापदण्ड" भन्नाले यस निर्देशिका बमोजिम संगठित संस्थाले पूरा गर्नुपर्ने वित्तीय, संस्थागत, प्रशासनिक तथा अन्य मापदण्ड सम्झनु पर्छ।

(झ) "वित्तीय विवरण" भन्नाले नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) वा बोर्डले तोकेको मापदण्ड अनुसार तयार गरिएको लेखापरीक्षण सम्पन्न वित्तीय विवरण सम्झनु पर्छ।

(ञ) "जोखिममा आधारित नियमन" भन्नाले संगठित संस्थाको प्रकृति, आकार, उद्योग, वित्तीय अवस्था तथा सार्वजनिक हितलाई आधार मानी फरक नियामकीय मापदण्ड लागू गर्ने प्रणाली सम्झनु पर्छ।

(ट) "क्षेत्रगत मापदण्ड" भन्नाले उद्योग वा व्यवसाय विशेषका लागि बोर्डले निर्धारण गरेका अतिरिक्त योग्यता मापदण्ड सम्झनु पर्छ।

५. मार्गदर्शक सिद्धान्तः प्रारम्भिक सार्वजनिक निष्काशन स्वीकृत गर्दा बोर्डले देहायका सिद्धान्त अवलम्बन गर्नेछः

(क) लगानीकर्ताको हित संरक्षण,

(ख) निष्पक्षता तथा समान व्यवहार,

(ग) पारदर्शिता

(घ) उत्तरदायित्व र संस्थागत सुशासन,

(ङ) जोखिममा आधारित नियमन,

(च) बजार विकास तथा नवप्रवर्तन प्रवर्द्धन,

(छ) उद्योग विशेषको प्रकृति अनुसार नियामकीय समानुपातिकता,

(ज) सार्वजनिक हितको संरक्षण।

परिच्छेद–२

प्रारम्भिक सार्वजनिक निष्काशनका लागि सामान्य योग्यता

६. सार्वजनिक निष्काशनका लागि आधारभूत योग्यताः सार्वजनिक निष्काशन गर्न चाहने प्रत्येक संगठित संस्थाले यस निर्देशिका तथा प्रचलित कानून बमोजिम देहायका आधारभूत योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) प्रचलित ऐन बमोजिम विधिवत् संगठित संस्थाको रूपमा दर्ता भएको हुनुपर्ने।

(ख) आफ्नो मुख्य उद्देश्य प्राप्तीका लागि उपयोग गरिएको सम्पत्तिको आधारमा व्यवसाय सञ्चालन गरी लेखापरीक्षण तथा वार्षिक साधारण सभा गरिसकेको हुनुपर्ने।

(ग) प्रचलित कानून बमोजिम आवश्यक इजाजत, अनुमति वा स्वीकृति प्राप्त गरेको हुनुपर्ने।

(घ) यस निर्देशिकामा तोकिएका वित्तीय, संस्थागत सुशासन तथा सूचना प्रबाहसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्ने।

(ङ) सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमको उपयोगसम्बन्धी स्पष्ट योजना साधारण सभाबाट स्वीकृत भएको हुनुपर्ने।

(च) संगठित संस्था वा यसको संस्थापक शेयरधनी, सञ्चालक तथाका प्रमुख व्यवस्थापनका व्यक्तिहरू यस निर्देशिका बमोजिम योग्य रहेको हुनुपर्ने।

(छ) निष्काशन तथा विक्री प्रवन्धकले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने संगठित संस्थाको यस निर्देशिकामा तोकिएका योग्यताहरू पूरा गरेको सुनिश्चत गरेपश्चात् मात्र निष्काशन तथा विक्री सम्झौता गर्नुपर्नेछ।

(ज) प्रारम्भिक सार्वजनिक निष्काशन गर्नुपर्ने न्यूनतम शेयर संख्या बोर्डले तोके बमोजिम हुनेछ।

(झ) संगठित संस्थाले आफ्नो आधिकरिक वेभसाइट सचालनमा ल्याएको हुनु पर्नेछ। उक्त वेबसाइटमा कम्तिमा संगठित संस्थाको बिगत ३ बर्षको वित्तीय विवरण सहितको बार्षिक प्रतिवेदन, ब्यवसायीक सम्भावना र चुनौती, भावी योजना, संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतको योग्यता, अनुभव र उनीहरुको संगठित संस्थामा भएको लगानीको रकम तथा लगानी प्रतिशत उल्लेख भएको हुनुपर्ने।

(ञ)यस निर्देशिका लागू भए पश्चात् प्रारम्भिक सार्वजनिक निष्काशनको लागि निवेदन पेश गरेका संगठित संस्थाले बोर्डको स्वीकृति विना आफ्नो पूँजी संरचना परिवर्तन गर्न पाइने छैन।

(ट) निवेदन पेश गर्नु पूर्व संगठित संस्थाले पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण अनिवार्य रुपमा आफ्नो र धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको वेबसाइट मार्फत सार्वजनिक गरेको हुनुपर्नेछ।

७. <u>व्यवसाय सञ्चालनको न्यूनतम अवधिः</u> (१) संगठित संस्थाले सार्वजनिक निष्काशन गर्नुअघि निरन्तर व्यवसाय सञ्चालन गरेको हुनुपर्नेछ। बोर्डले सम्बन्धित क्षेत्रको प्रकृति, व्यवसायको जोखिम तथा पूँजी संरचनालाई दृष्टिगत गरी न्यूनतम अवधि निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अवधि निर्धारण गर्दा बोर्डले उद्योग वा क्षेत्रगत रूपमा फरक मापदण्ड तोक्न सक्नेछ।

(३) पूर्वाधार, प्रविधि, अनुसन्धानमा आधारित वा अन्य विशेष प्रकृतिका उद्योगका हकमा बोर्डले आवश्यक शर्तसहित छुट्टै मापदण्ड लागू गर्नेछ।

८. <u>कानूनी तथा नियामकीय अनुपालनः</u> (१) संगठित संस्थाले आफ्नो व्यवसायसँग सम्बन्धित सम्पूर्ण प्रचलित कानूनको पालना गरेको हुनुपर्नेछ।

(२) संगठित संस्था विरुद्ध सार्वजनिक हितमा प्रतिकूल प्रभाव पार्ने प्रकृतिको गम्भीर कानूनी विवाद, नियामकीय कारबाही वा इजाजत खारेजीको अवस्था रहेको भए बोर्डले सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न सक्नेछ।

(३) कर, श्रम, वातावरण, प्रतिस्पर्धा, उपभोक्ता संरक्षण तथा अन्य सम्बन्धित कानूनको पालनासम्बन्धी विवरण संगठित संस्थाले खुलासा गर्नुपर्नेछ।

९. <u>सार्वजनिक हितको परीक्षणः</u> (१) संगठित संस्था सार्वजनिक निष्काशनका लागि योग्य भए तापनि सार्वजनिक हित, बजारको स्थायित्व वा लगानीकर्ताको हित प्रतिकूल रूपमा प्रभावित हुने अवस्था देखिएमा बोर्डले थप जानकारी माग्न, अतिरिक्त शर्त तोक्न वा स्वीकृति दिन अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्दा बोर्डले विशेषतः देहायका विषयलाई समेट्नेछः

(क) संगठित संस्थाको व्यवसायको प्रकृति,

(ख) जोखिमको स्तर,

(ग) लगानीकर्तालाई उपलब्ध गराइने जानकारीको पर्याप्तता,

(घ) संगठित संस्थाको सुशासन,

(ङ) वित्तीय पारदर्शिता,

(च) बजारमा पर्न सक्ने सम्भावित प्रभाव।

१०. <u>निषेधित अवस्थाः</u> देहायका अवस्था मध्ये कुनै अवस्था विद्यमान रहेको संगठित संस्थालाई सार्वजनिक निष्काशनको स्वीकृति प्रदान गरिने छैनः

(क) संगठित संस्था विघटन, दामासाही वा समकक्ष कानूनी प्रक्रियामा रहेको।

(ख) संगठित संस्थाको व्यवसाय सञ्चालन गम्भीर रूपमा अवरुद्ध भएको।

(ग) लेखापरीक्षकले व्यवसायको निरन्तरता सम्बन्धी गम्भीर शंका व्यक्त गरेको।

(घ) झुट्टा, भ्रामक वा महत्वपूर्ण तथ्य लुकाई विवरण पेश गरेको प्रमाणित भएको।

(ङ) बोर्ड वा अन्य नियामक निकायले धितोपत्र बजारमा सहभागी हुन अयोग्य ठहर गरेको।

(च) संगठित संस्था वा यसको संस्थापक शेयरधनी, सञ्चालक वा प्रमुख व्यवस्थापनका व्यक्तिले धितोपत्रसम्बन्धी ठगी, वित्तीय अपचलन, कालो सूचीमा रहेको, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार वा अन्य गम्भीर आर्थिक अपराधमा अन्तिम अदालतबाट दोषी ठहर भई सजाय भुक्तान गरेको बर्ष ३ बर्ष ब्यतीत नभएको।

(छ) कालो सूचीमा परी फुकुवा भएको ६ महिना समय ब्यतीत नभएको।

११. <u>बोर्डको थप शर्त तोक्ने अधिकारः</u> (१) लगानीकर्ता संरक्षण, बजारको स्थायित्व, वित्तीय प्रणालीको सुदृढता तथा सार्वजनिक हितको संरक्षणका लागि बोर्डले आवश्यक ठानेमा सार्वजनिक निष्काशन स्वीकृत गर्दा थप शर्त तोक्न सक्नेछ।

(२) बोर्डले उद्योग, व्यवसायको प्रकृति, संगठित संस्थाको आकार, जोखिमको स्तर, पूँजी संरचना वा अन्य सान्दर्भिक आधारमा फरक फरक योग्यता मापदण्ड निर्धारण गर्न सक्नेछ।

१२. **जोखिममा आधारित नियामकीय दृष्टिकोणः** (१) बोर्डले सार्वजनिक निष्काशनको मूल्याङ्कन गर्दा जोखिममा आधारित नियामकीय दृष्टिकोण अवलम्बन गर्नेछ।

(२) जोखिम मूल्याङ्कन गर्दा विशेषतः देहायका विषयलाई आधार मानिनेछः

(क) व्यवसायको प्रकृति,

(ख) वित्तीय अवस्था,

(ग) संस्थागत सुशासन,

(घ) आन्तरिक नियन्त्रण प्रणाली,

(ङ) नियामकीय अनुपालनाको इतिहास,

(च) उद्योगगत जोखिम,

(छ) सार्वजनिक लगानीकर्तामाथि पर्न सक्ने सम्भावित प्रभाव।

उपरोक्तानुसारको जोखिमहरूको स्पष्ट रूपमा विश्लेषण गरी समाधानको अवधारणा बोर्डमा पेश गर्नुपर्नेछ।

(३) जोखिमको स्तरअनुसार बोर्डले थप खुलासा, थप प्रमाणीकरण, अतिरिक्त परीक्षण वा अन्य उपयुक्त नियामकीय शर्त लागू गर्न सक्नेछ।

परिच्छेद–३

वित्तीय योग्यता सम्बन्धी व्यवस्था

१३. **वित्तीय योग्यताः** (१) सार्वजनिक निष्काशन गर्न चाहने प्रत्येक संगठित संस्थाले यस परिच्छेद बमोजिमको वित्तीय योग्यता पूरा गरेको हुनुपर्नेछ।

(२) संगठित संस्थाको वित्तीय अवस्था, वित्तीय प्रतिवेदनको विश्वसनीयता, नगद प्रवाह, पूँजी संरचना तथा व्यवसायको वित्तीय दिगोपनलाई समग्ररूपमा मूल्याङ्कन गरिनेछ।

१४. **लेखापरीक्षण सम्पन्न वित्तीय विवरणः** (१) संगठित संस्थाले बोर्डले तोकेको अवधिका लेखापरीक्षण सम्पन्न वित्तीय विवरण पेश गर्नुपर्नेछ।

(२) वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) वा बोर्डले तोकेको अन्य मान्य लेखामान बमोजिम तयार गरिएको हुनुपर्नेछ।

(३) वित्तीय विवरण स्वतन्त्र तथा इजाजतप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गरिएको हुनुपर्नेछ।

१५. **लेखापरीक्षण प्रतिवेदनको गुणस्तरः** (१) संगठित संस्थाको लेखापरीक्षण प्रतिवेदनमा देहायका विषयको मूल्याङ्कन गरिनेछः

(क) लेखापरीक्षकको राय,

(ख) महत्वपूर्ण लेखापरीक्षण विषय (Key Audit Matters),

(ग) आन्तरिक नियन्त्रणसम्बन्धी कमजोरी,

(घ) लेखा नीतिको निरन्तरता,

(ङ) व्यवसाय निरन्तरतासम्बन्धी अवस्था।

(२) लेखापरीक्षकले प्रतिकूल राय, राय दिन अस्वीकार वा व्यवसाय निरन्तरतासम्बन्धी गम्भीर अनिश्चितता व्यक्त गरेको अवस्थामा बोर्डले थप परीक्षण गर्न, सुधारात्मक उपाय माग्न वा सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न सक्नेछ।

१६. नेटवर्थः (१) संगठित संस्थाको प्रति शेयर नेटवर्थ अंकित मूल्य भन्दा कम हुनु हुँदैन।

(२) बोर्डले विभिन्न उद्योग वा क्षेत्रका लागि न्यूनतम खुद सम्पत्ति सम्बन्धी मापदण्ड निर्धारण गर्न सक्नेछ।

१७. आम्दानी तथा नगद प्रवाहको गुणस्तरः (१) संगठित संस्थाको आम्दानी वास्तविक व्यावसायिक कारोबारबाट प्राप्त भएको हुनुपर्नेछ।

(२) बोर्डले विशेषतः देहायका विषयको परीक्षण गर्न सक्नेछः

(क) सञ्चालन आम्दानीको स्थायित्व,

(ख) सञ्चालन नगद प्रवाह,

(ग) असाधारण वा एकपटक मात्र प्राप्त हुने आम्दानीको अनुपात,

(घ) सम्बन्धित पक्षसँगको कारोबारको प्रभाव,

(ङ) प्राप्ति तथा भुक्तानीको अवस्था।

(३) कृत्रिम रूपमा आम्दानी वा नाफा वृद्धि गरिएको देखिएमा बोर्डले आवश्यक अनुसन्धान गर्न सक्नेछ।

१८. पूँजी संरचना तथा ऋण दायित्वः (१) संगठित संस्थाको पूँजी संरचना वित्तीय रूपमा दिगो र सन्तुलित हुनुपर्नेछ।

(२) संगठित संस्थाले ऋण दायित्व, ऋण भुक्तानी क्षमता तथा वित्तीय जोखिमको मूल्याङ्कन गर्नुपर्नेछ।

(३) बोर्डले क्षेत्रगत प्रकृतिअनुसार ऋण–पूँजी अनुपात, ब्याज भुक्तानी क्षमता तथा अन्य वित्तीय सूचकसम्बन्धी मापदण्ड निर्धारण गर्न सक्नेछ।

१९. कर तथा वित्तीय दायित्वः (१) संगठित संस्थाले प्रचलित कानून बमोजिम कर तथा अन्य वित्तीय दायित्व पूरा गरेको हुनुपर्नेछ। कर तथा अन्य दायित्वमा कुनै बिवादित रकम भएमा संगठित संस्थाको वित्तिय विवरणमा प्रचलित लेखामान बमोजिम सो रकम प्रोभिजन गरेको हुनुपर्नेछ।

(२) कर छली वा नियतवश राजस्वमा हानी पुऱ्याएको प्रमाणित भई राजश्व खतामा दाखिला नगरेको अवस्थामा बोर्डले सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न सक्नेछ।

२०. लेखा तथा वित्तीय अनियमितताः देहायका अवस्था देखिएमा बोर्डले आवश्यक अनुसन्धान गर्न, थप विवरण माग्न, स्वतन्त्र विशेषज्ञबाट परीक्षण गराउन वा सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न सक्नेछः

(क) वित्तीय विवरणमा महत्वपूर्ण असंगति,

(ख) कृत्रिम कारोबार,

(ग) सम्बन्धित पक्षमार्फत नाफा स्थानान्तरण,

(घ) सम्पत्ति वा दायित्वको गलत वर्गीकरण,

(ङ) आम्दानी वा खर्चको मान्यता,

(च) अन्य कुनै वित्तीय हेरफेर वा भ्रामक लेखाङ्कन।

२१. <u>वित्तीय योग्यता मूल्याङ्कनः</u> (१) संगठित संस्थाको वित्तीय योग्यता मूल्याङ्कन गर्दा देहायका विषयलाई समग्र रूपमा समेट्नु पर्नेछः

(क) वित्तीय विवरणको विश्वसनीयता,

(ख) आम्दानीको गुणस्तर,

(ग) सञ्चालन नगद प्रवाह,

(घ) खुद सम्पत्ति,

(ङ) पूँजी संरचना,

(च) ऋण भुक्तानी क्षमता,

(छ) कर अनुपालना,

(ज) वित्तीय जोखिम,

(झ) अन्य आवश्यक विषय।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनका लागि बोर्डले निर्देशिका, मापदण्ड वा स्कोरिङ प्रणाली जारी गर्न सक्नेछ।

परिच्छेद–४

<u>संस्थागत सुशासन सम्बन्धी योग्यता</u>

२२. <u>संस्थागत सुशासन सम्बन्धी योग्यताः</u> (१) सार्वजनिक निष्काशन गर्न चाहने प्रत्येक संगठित संस्थाले यस परिच्छेद बमोजिमको संस्थागत सुशासन सम्बन्धी योग्यता पूरा गरेको हुनुपर्नेछ।

(२) संगठित संस्थाको सञ्चालन प्रणाली पारदर्शी, उत्तरदायी, जवाफदेही, निष्पक्ष तथा लगानीकर्ताको हित संरक्षण गर्ने प्रकृतिको हुनुपर्नेछ।

(३) बोर्डले संगठित संस्थाको सुशासनको समग्र मूल्याङ्कन गर्दा विशेषतः देहायका विषयहरूलाई समावेश गर्नेछः

(क) सञ्चालक समितिको संरचना तथा प्रभावकारिता,

(ख) व्यवस्थापनको उत्तरदायित्व,

(ग) आन्तरिक नियन्त्रण प्रणाली,

(घ) जोखिम व्यवस्थापन प्रणाली,

(ङ) नियामकीय अनुपालना,

(च) सूचना प्रवाह व्यवस्था,

(छ) आचार संहिता,

(ज) लगानीकर्ता संरक्षण व्यवस्था,

(झ) अन्य आवश्यक विषय।

२३. **<u>सञ्चालक समितिको संरचनाः</u>** (१) संगठित संस्थाको आकार, व्यवसायको प्रकृति तथा जोखिमको स्तरअनुसार सक्षम, विविध तथा प्रभावकारी सञ्चालक समिति रहेको हुनुपर्नेछ।

(२) सञ्चालक समितिको गठन प्रचलित संगठित संस्था कानून, धितोपत्र सम्बन्धी कानून तथा बोर्डबाट जारी मापदण्ड बमोजिम हुनुपर्नेछ।

(३) सञ्चालक समितिले संगठित संस्थाको दीर्घकालीन रणनीति, जोखिम व्यवस्थापन, वित्तीय अनुशासन तथा लगानीकर्ताको हित संरक्षणमा प्रभावकारी भूमिका निर्वाह गरेको हुनुपर्नेछ।

२४. **<u>स्वतन्त्र सञ्चालकः</u>** (१) सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थामा स्वतन्त्र सञ्चालक नियुक्त गरेको हुनुपर्नेछ।

(२) स्वतन्त्र सञ्चालकले कुनै स्वार्थको द्वन्द बिना संगठित संस्थाको समग्र हित तथा सार्वजनिक लगानीकर्ताको हितको संरक्षण गर्नुपर्नेछ।

२५. **<u>सञ्चालक समितिका समितिः</u>** (१) संगठित संस्थाले आवश्यकता अनुसार देहायका समितिहरू गठन गरेको हुनुपर्नेछः

(क) लेखा परीक्षण समिति,

(ख) जोखिम व्यवस्थापन समिति,

(ग) नोमिनेशन एण्ड रिम्युनरेशन समिति,

(घ) जनशक्ति समिति,

(ङ) परियोजना व्यवस्थापन तथा अनुगमन समिति,

(च) प्रोजेक्ट ओभरसाईट समिति (सम्बन्धित क्षेत्र अनुसार),

(छ) बोर्डले आवश्यक ठानेका अन्य समिति।

(२) प्रत्येक समितिको कार्यदिश सञ्चालक समितिबाट स्वीकृत भएको हुनुपर्नेछ।

२६. **<u>प्रमुख व्यवस्थापन पदाधिकारीः</u>** (१) संगठित संस्थामा कम्तीमा देहायका प्रमुख पदाधिकारी नियुक्त गरिएको हुनुपर्नेछः

(क) प्रमुख कार्यकारी अधिकृत

(ख) प्रमुख वित्तीय अधिकृत

(ग) कम्पनी सचिव

(घ) अनुपालना अधिकृत

(२) उपदफा (१) बमोजिमका पदाधिकारी आवश्यक योग्यता, अनुभव तथा नैतिक आचरण भएका हुनुपर्नेछन्।

२७. **आन्तरिक नियन्त्रण प्रणाली:** (१) संगठित संस्थाले सम्पत्ति संरक्षण, वित्तीय विश्वसनीयता, कानूनी अनुपालना तथा सञ्चालन प्रभावकारिता सुनिश्चित गर्ने प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली विकास गरेको हुनुपर्नेछ।

(२) बोर्डले आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको स्वतन्त्र परीक्षण गराउन सक्नेछ।

२८. **जोखिम व्यवस्थापन:** (१) संगठित संस्थाले व्यवसाय, आयोजना, वित्तीय, सञ्चालन, कानूनी, वातावरणीय तथा अन्य प्रमुख जोखिमहरूको पहिचान, मूल्याङ्कन, अनुगमन तथा न्यूनीकरणका लागि लिखित जोखिम व्यवस्थापन ढाचाँ लागू गरेको हुनुपर्नेछ।

(२) जोखिम व्यवस्थापन प्रणालीको नियमित समीक्षा सञ्चालक समितिबाट गरिनुपर्नेछ।

२९. **आन्तरिक लेखापरीक्षण:** (१) संगठित संस्थाले जोखिममा आधारित आन्तरिक लेखापरीक्षण प्रणाली सञ्चालन गरेको हुनुपर्नेछ।

(२) आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष नियमित रूपमा पेश गरिनुपर्नेछ।

३०. **नियामकीय अनुपालन:** (१) संगठित संस्थाले लागू हुने सम्पूर्ण कानून, नियम, निर्देशन तथा तोकिएका नियामकीय मापदण्डहरूको पालना गरेको हुनुपर्नेछ।

(२) अनुपालना अधिकृतले नियामकीय अनुपालना सम्बन्धी वार्षिक प्रमाणीकरण सञ्चालक समितिमा पेश गर्नुपर्नेछ।

३१. **सूचना प्रवाह तथा पारदर्शिता:** (१) संगठित संस्थाले लगानीकर्ताको निर्णयमा प्रभाव पार्ने सम्पूर्ण महत्वपूर्ण जानकारी समयमै, सत्य तथा निष्पक्ष रूपमा सार्वजनिक गरेको हुनुपर्नेछ। साथै सोको जानकारी धितोपत्रबजार र बोर्डलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) बोर्डले सूचना प्रवाहको गुणस्तर, समयबद्धता तथा पर्याप्तताको मूल्याङ्कन गर्न सक्नेछ।

३२. **संस्थागत सुशासन अनुपालना प्रमाणपत्र:** (१) सार्वजनिक निष्काशनको स्वीकृति माग गर्ने प्रत्येक संगठित संस्थाले बोर्डले तोकेको ढाँचामा संस्थागत सुशासन अनुपालना प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उक्त प्रतिवेदन सञ्चालक समितिबाट अनुमोदित तथा प्रमुख कार्यकारी अधिकृत, प्रमुख वित्तीय अधिकृत, कम्पनी सचिव तथा अनुपालना अधिकृतद्वारा प्रमाणित गरिएको हुनुपर्नेछ।

(३) बोर्डले आवश्यक ठानेमा स्वतन्त्र संस्थागत सुशासन पुनरावलोकन वा सुशासन परीक्षण गराउन सक्नेछ।

३३. **सुशासन सम्बन्धी मूल्याङ्कन:** (१) बोर्डले संगठित संस्थाको संस्थागत सुशासन सम्बन्धी समग्र अवस्थाको जोखिममा आधारित मूल्याङ्कन गर्नेछ।

(२) मूल्याङ्कनका क्रममा विशेषतः देहायका विषयलाई समेट्नेछः

(क) सञ्चालक समितिको प्रभावकारिता,

(ख) आन्तरिक नियन्त्रण,

(ग) जोखिम सम्बन्धी सुशासन,

(घ) आचारसंहिताको अवस्था,

(ङ) नियामकीय अनुपालना,

(च) सूचना प्रवाहको गुणस्तर,

(छ) आन्तरिक लेखापरीक्षण,

(ज) लगानीकर्ता संरक्षण प्रणाली,

(झ) अन्य आवश्यक विषय।

(३) सुशासन सम्बन्धी गम्भीर कमजोरी, भ्रामक जानकारी वा नियामकीय अनुपालनाको अभाव देखिएमा बोर्डले थप जानकारी माग्न, सुधारात्मक कार्ययोजना पेश गर्न लगाउन, स्वतन्त्र परीक्षण गराउन वा सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न सक्नेछ।

परिच्छेद–५

संस्थापक शेयरधनी, सञ्चालक तथा व्यवस्थापनको योग्यता

३४. <u>संस्थापक शेयरधनी, सञ्चालक तथा व्यवस्थापनको योग्यताः</u> (१) सार्वजनिक निष्काशन गर्न चाहने प्रत्येक संगठित संस्थाका संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, "उपयुक्त तथा योग्य (Fit and Proper)" परीक्षण बोर्डबाट गर्नुपर्नेछ।

(२) बोर्डले संगठित संस्थाको व्यवस्थापन तथा नियन्त्रण गर्ने व्यक्तिहरूको व्यवसायिक क्षमता, वित्तीय अनुशासन तथा नैतिक आचरणको समग्र मूल्याङ्कन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन गर्दा बोर्डले विशेषतः देहायका विषयहरूलाई समावेश गर्नेछः

(क) व्यवसायिक प्रतिष्ठा,

(ख) आवश्यक योग्यता तथा अनुभव,

(ग) वित्तीय अनुशासन,

(घ) कानूनी तथा नियामकीय अनुपालना,

(ङ) स्वार्थको द्वन्द्व,

(च) अन्य आवश्यक विषय।

३५. <u>सञ्चालकको योग्यताः</u> (१) सञ्चालकले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक ज्ञान, अनुभव तथा व्यावसायिक दक्षता भएको हुनुपर्नेछ।

(२) सञ्चालकले संगठित संस्था तथा सार्वजनिक लगानीकर्ताको सर्वोत्तम हितमा कार्य गर्नुपर्नेछ।

(३) सञ्चालकले आफ्नो व्यक्तिगत हित र संगठित संस्थाको हितबीच उत्पन्न हुन सक्ने द्वन्द्वको जानकारी सञ्चालक समितिलाई तत्काल गराउनुपर्नेछ।

३६. <u>**प्रमुख व्यवस्थापन पदाधिकारीको योग्यताः**</u> (१) प्रमुख कार्यकारी अधिकृत, प्रमुख वित्तीय अधिकृत, कम्पनी सचिव तथा अनुपालना अधिकृत सम्बन्धित क्षेत्रको आवश्यक शैक्षिक योग्यता, अनुभव तथा व्यवसायिक क्षमता भएको हुनुपर्नेछ।

(२) संगठित संस्थाले प्रमुख व्यवस्थापन पदाधिकारीहरूको नियुक्ति, उत्तरदायित्व तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी स्पष्ट नीति अवलम्बन गरेको हुनुपर्नेछ।

३७. <u>**प्रमुख व्यवस्थापन पदाधिकारीको योग्यताः**</u> (१) प्रमुख कार्यकारी अधिकृत, प्रमुख वित्तीय अधिकृत, कम्पनी सचिव तथा अनुपालना अधिकृत सम्बन्धित क्षेत्रको आवश्यक शैक्षिक योग्यता, अनुभव तथा व्यवसायिक क्षमता भएका हुनुपर्नेछ तथा यस सम्बन्धी व्यवस्था सम्बन्धित निर्देशिकामा तोकिए बमोजिम हुनेछ।

(२) संगठित संस्थाले प्रमुख व्यवस्थापन पदाधिकारीहरूको नियुक्ति, उत्तरदायित्व तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी स्पष्ट नीति अवलम्बन गरेको हुनुपर्नेछ।

३८. <u>**अयोग्यताः**</u> देहायको कुनै अवस्था भएको व्यक्तिलाई संगठित संस्थाको संस्थापक शेयरधनी, सञ्चालक वा प्रमुख व्यवस्थापन पदमा स्वीकार गर्न बोर्डले अस्वीकार गर्न सक्नेछः

(क) प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी कसुरमा दोषी ठहरिएको,

(ख) वित्तीय ठगी, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, जालसाजी वा विश्वासघात सम्बन्धी कसुरमा सजाय पाएको,

(ग) नियामकीय निकायबाट धितोपत्र कारोबार गर्न अयोग्य वा अयोग्य घोषित भएको,

(घ) जानाजानी झुट्टा वा भ्रामक विवरण पेश गरेको,

(ङ) दिवालियापन सम्बन्धी कानून बमोजिम अयोग्य ठहरिएको,

(च) अन्य कुनै कारणले सार्वजनिक लगानीकर्ताको हितमा प्रतिकूल असर पर्ने देखिएको।

(छ) माथि (क) देखि (ङ) सम्मका अवस्थामा दोषी ठहर भई सजाय भुक्तान भएको ३ बर्ष व्यतीत भैनसकेको।

३९. **स्वार्थको द्वन्दः** (१) संगठित संस्थाले स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धी लिखित नीति अवलम्बन गरेको हुनुपर्नेछ।

(२) संस्थापक शेयरधनी, सञ्चालक वा व्यवस्थापन पदाधिकारीले आफ्नो व्यक्तिगत वा सम्बन्धित पक्षको स्वार्थ संगठित संस्थाको हितभन्दा माथि राख्न पाउने छैन।

(३) सम्बन्धित विषयमा निर्णय गर्दा स्वार्थको द्वन्द्व भएको व्यक्तिले निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

४०. <u>**नैतिक आचरण तथा व्यवसायिक इमानदारी**</u>: (१) संगठित संस्थाले सञ्चालक तथा कर्मचारीका लागि आचारसंहिता लागू गरेको हुनुपर्नेछ।

(२) संगठित संस्थाले भ्रष्टाचार, घुस, ठगी, अनुचित लाभ, गोप्य सूचनाको दुरुपयोग तथा अन्य अनैतिक गतिविधिविरुद्ध शून्य सहनशीलताको नीति अपनाएको हुनुपर्नेछ।

४१. **उपयुक्त तथा योग्य घोषणाः** (१) प्रत्येक संस्थापक शेयरधनी, सञ्चालक तथा प्रमुख व्यवस्थापन पदाधिकारीले बोर्डले तोकेको ढाँचामा Fit and Proper Declaration पेश गर्नुपर्नेछ।

(२) उक्त घोषणामा कम्तीमा देहायका विवरण समावेश हुनुपर्नेछः

(क) व्यक्तिगत विवरण,

(ख) शैक्षिक योग्यता,

(ग) व्यावसायिक अनुभव,

(घ) नियामकीय इतिहास,

(ङ) कानूनी विवाद,

(च) वित्तीय दायित्व,

(छ) स्वार्थको द्वन्द्व सम्बन्धी घोषणा,

(ज) अन्य आवश्यक विवरण।

४२. **बोर्डको परीक्षण अधिकारः** (१) बोर्डले Fit and Proper सम्बन्धी घोषणा, अभिलेख तथा प्रमाणहरूको स्वतन्त्र रूपमा परीक्षण गर्न सक्नेछ।

(२) आवश्यक परे बोर्डले सम्बन्धित सरकारी निकाय, नियामकीय संस्था वा अन्य सक्षम निकायबाट जानकारी माग्न सक्नेछ।

(३) बोर्डले आवश्यक ठानेमा थप विवरण, स्पष्टीकरण वा प्रमाण पेश गर्न आदेश दिन सक्नेछ।

४३. **गलत घोषणा वा तथ्य लुकाएमा हुने कारबाहीः** (१) कुनै व्यक्तिले Fit and Proper सम्बन्धी घोषणा गर्दा झुट्टा विवरण पेश गरेमा, महत्वपूर्ण तथ्य लुकाएमा वा भ्रामक जानकारी दिएमा बोर्डलेः

(क) सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न,

(ख) स्वीकृति प्रक्रिया स्थगन गर्न,

(ग) सुधारात्मक आदेश जारी गर्न,

(घ) प्रचलित कानूनबमोजिम अन्य नियामकीय कारबाही गर्न, सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कारबाही सम्बन्धित अन्य कानूनी कारबाहीमा बाधक हुने छैन।

परिच्छेद–६

व्यवसायिक तथा सञ्चालन तयारी

४४. **व्यवसायिक तथा सञ्चालन तयारीः** (१) सार्वजनिक निष्काशन गर्न चाहने प्रत्येक कम्पनीले संगठित संस्थाको रूपमा सञ्चालन गर्न आवश्यक व्यवसायिक, प्राविधिक, प्रशासनिक तथा सञ्चालन तयारी पूरा गरेको हुनुपर्नेछ।

(२) बोर्डले संगठित संस्थाको सञ्चालन तयारी मूल्याङ्कन गर्दा संगठित संस्थाको दीर्घकालीन सञ्चालन क्षमता, संस्थागत संरचना तथा सार्वजनिक लगानीकर्ताको हित संरक्षण गर्ने क्षमतालाई समग्र रूपमा विश्लेषण गर्नेछ।

४५. **<u>संस्थागत सञ्चालन संरचनाः</u>** (१) संगठित संस्थाले आफ्नो व्यवसाय सञ्चालनका लागि स्पष्ट संस्थागत संरचना विकास गरेको हुनुपर्नेछ।

(२) संस्थागत संरचनामा कम्तीमा देहायका कार्यगत जिम्मेवारीहरू स्पष्ट रूपमा निर्धारण गरिएको हुनुपर्नेछः

(क) व्यवस्थापन,

(ख) वित्त,

(ग) जोखिम व्यवस्थापन,

(घ) कानूनी तथा नियामकीय अनुपालना,

(ङ) आन्तरिक लेखापरीक्षण,

(च) सूचना प्रविधि,

(छ) लगानीकर्ता सम्बन्ध,

(ज) अन्य आवश्यक विभाग।

४६. **<u>सञ्चालन नीति तथा कार्यविधिः</u>** (१) संगठित संस्थाले प्रमुख व्यवसायिक गतिविधिहरू सञ्चालन गर्न आवश्यक लिखित नीति, कार्यविधि तथा स्टान्डर्ड अपरेटिङ्ग प्रोसिडयुर लागू गरेको हुनुपर्नेछ।

(२) त्यस्ता नीतिहरू सञ्चालक समितिबाट स्वीकृत भएको हुनुपर्नेछ।

४७. **<u>मानव स्रोत क्षमताः</u>** (१) संगठित संस्थासँग आफ्नो व्यवसाय सञ्चालन गर्न आवश्यक दक्ष, योग्य तथा पर्याप्त मानव स्रोत उपलब्ध भएको हुनुपर्नेछ।

(२) संगठित संस्थाले कर्मचारी विकास, तालिम तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी प्रणाली लागू गरेको हुनुपर्नेछ।

४८. **<u>सूचना प्रविधि तथा अभिलेख प्रणालीः</u>** (१) संगठित संस्थाले वित्तीय अभिलेख, शेयरधनी अभिलेख, परियोजना व्यवस्थापन तथा नियामकीय प्रतिवेदन व्यवस्थापनका लागि सुरक्षित सूचना प्रविधि प्रणाली प्रयोग गरेको हुनुपर्नेछ।

(२) संगठित संस्थाले विद्युतीय अभिलेखको सुरक्षा, गोपनीयता तथा उपलब्धता सुनिश्चित गर्न उपयुक्त नियन्त्रण प्रणाली लागू गरेको हुनुपर्नेछ।

(३) आवश्यक परे बोर्डले सूचना प्रविधि प्रणालीको स्वतन्त्र परीक्षण गराउन सक्नेछ।

४९. **<u>व्यवसाय निरन्तरता योजनाः</u>** (१) संगठित संस्थाले विपद्, प्राकृतिक प्रकोप, सूचना प्रविधि अवरोध, साइबर आक्रमण वा अन्य आकस्मिक परिस्थितिमा व्यवसाय सञ्चालन निरन्तर राख्न व्यवसाय निरन्तरता योजना तयार गरेको हुनुपर्नेछ।

(२) उपदफा(१) बमोजिम तयार गरिएको योजनाको नियमित परीक्षण तथा अद्यावधिक गरिनुपर्नेछ।

५०. **<u>विपद् पुनः स्थापना योजनाः</u>** (१) संगठित संस्थाले सूचना प्रणाली तथा महत्वपूर्ण अभिलेखको संरक्षणका लागि विपद् पुनः स्थापना योजना (डिजास्टर रिकभरी प्लान) तयार गरेको हुनुपर्नेछ।

(२) संगठित संस्थाले नियमित रूपमा डाटा ब्याकअप, रिकभरी टेस्टिङ्ग तथा सिस्टम रिस्टोर्सन परीक्षण गर्नुपर्नेछ।

५१. <u>अभिलेख व्यवस्थापनः</u> (१) संगठित संस्थाले आफ्नो वित्तीय, कानूनी, प्राविधिक तथा नियामकीय अभिलेख व्यवस्थित रूपमा सुरक्षित राख्ने प्रणाली विकास गरेको हुनुपर्नेछ।

(२) सार्वजनिक निष्काशनसँग सम्बन्धित सबै अभिलेख कम्तीमा प्रचलित कानून वा बोर्डले तोकेको अवधिसम्म सुरक्षित राखिनुपर्नेछ।

५२. <u>प्रमुख सम्झौताहरू:</u> (१) संगठित संस्थाको व्यवसाय सञ्चालनसँग सम्बन्धित सबै महत्वपूर्ण सम्झौताहरू लिखित रूपमा सम्पन्न भएका हुनुपर्नेछन्।

(२) त्यस्ता सम्झौताहरू कानूनी रूपमा कार्यान्वयनयोग्य हुनुपर्नेछन्।

(३) बोर्डले आवश्यक ठानेमा त्यस्ता सम्झौताहरूको स्वतन्त्र कानूनी परीक्षण गराउन सक्नेछ।

५३. <u>सञ्चालन जोखिम व्यवस्थापन:</u> (१) संगठित संस्थाले सञ्चालन जोखिमको पहिचान, मूल्याङ्कन, अनुगमन तथा न्यूनीकरण गर्ने प्रणाली लागू गरेको हुनुपर्नेछ।

(२) सञ्चालन जोखिम व्यवस्थापनमा कम्तीमा देहायका विषय समावेश हुनुपर्नेछः

(क) मानव त्रुटि,

(ख) प्रक्रिया सम्बन्धी कमजोरी,

(ग) सूचना प्रविधि जोखिम,

(घ) बाह्य जोखिम,

(ङ) सेवा अवरोध,

(च) अन्य सञ्चालन जोखिम।

५४. <u>बाह्य सेवा प्रदायकः</u> (१) संगठित संस्थाले कुनै महत्वपूर्ण कार्य बाह्य संस्थाबाट गराउने भए त्यस्तो व्यवस्था लिखित सम्झौतामा आधारित हुनुपर्नेछ।

(२) बाह्य सेवा प्रदायकको कार्यप्रदर्शन, गोपनीयता तथा जोखिम व्यवस्थापन सम्बन्धी पर्याप्त नियन्त्रण व्यवस्था गरिएको हुनुपर्नेछ।

५५. <u>सञ्चालन तयारीको मूल्याङ्कनः</u> (१) बोर्डले संगठित संस्थाको सञ्चालन तयारी मूल्याङ्कन गर्दा विशेषतः देहायका विषयहरू समेट्नेछः

(क) संस्थागत क्षमता,

(ख) मानव स्रोत,

(ग) सूचना प्रविधि प्रणाली,

(घ) सञ्चालन नीति,

(ङ) व्यवसाय निरन्तरता योजना,

(च) डिजास्टर रिकभरी प्लान,

(छ) संचालन जोखिम व्यवस्थापन

(ज) अभिलेख व्यवस्थापन,

(झ) महत्वपूर्ण सम्झौताहरू

(ञ) अन्य आवश्यक विषय।

(२) सञ्चालन तयारी अपर्याप्त रहेको, संगठित संस्थाको रूपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार नभएको वा सार्वजनिक लगानीकर्ताको हितमा प्रतिकूल असर पर्ने अवस्था देखिएमा बोर्डलेः

(क) थप जानकारी माग्न,

(ख) सुधारात्मक कार्ययोजना पेश गर्न लगाउन,

(ग) स्वतन्त्र सञ्चालन परीक्षण (अपरेशनल रेडिनेस असेसमेन्ट) गराउन,

(घ) सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न सक्नेछ।

परिच्छेद–७

<u>सूचना प्रबाह तथा विवरणपत्र सम्बन्धी व्यवस्था</u>

५६. <u>सार्वजनिक निष्काशनमा पूर्ण तथा सत्य सूचना प्रबाहको दायित्वः</u> (१) सार्वजनिक निष्काशन गर्न चाहने प्रत्येक संगठित संस्थाले सार्वजनिक लगानीकर्तालाई लगानी निर्णय गर्न आवश्यक पर्ने सम्पूर्ण महत्वपूर्ण जानकारी सत्य, निष्पक्ष, पूर्ण, स्पष्ट तथा समयमै प्रबाह गर्नुपर्नेछ।

(२) कुनै पनि महत्वपूर्ण तथ्य लुकाउने, अपूर्ण विवरण दिने वा भ्रामक जानकारी उपलब्ध गराउने कार्य निषेध हुनेछ।

(३) विवरणपत्रमा समावेश गरिने प्रत्येक विवरणका लागि धितोपत्र सम्बन्धी ऐनको दफा ३३ बमोजिम सञ्चालक तथा प्रमुख व्यवस्थापन, विवरणपत्र तयार गर्ने विशेषज्ञको रूपमा निष्काशन तथा बिक्री प्रबन्धक र अन्य सम्बन्धित व्यक्तिहरू उत्तरदायी हुनेछन्।

५७. <u>विवरणपत्रको न्यूनतम विषयवस्तुः</u> सार्वजनिक निष्काशनका लागि पेश गरिने विवरणपत्रमा कम्तीमा देहायका विषयहरू समावेश भएको हुनुपर्नेछः

(क) संगठित संस्थाको परिचय,

(ख) स्थापना तथा विकासको इतिहास,

(ग) उद्देश्य तथा व्यवसायको प्रकृति,

(घ) शेयर पूँजी संरचना,

(ङ) संस्थापक शेयरधनी तथा प्रमुख शेयरधनीको विवरण,

(च) सञ्चालक समिति तथा व्यवस्थापनको विवरण,

(छ) आयोजना वा व्यवसायको वर्तमान अवस्था,

(ज) जोखिम सम्बन्धी विवरण,

(झ) लेखापरीक्षण वित्तीय विवरण,

(ञ) सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग योजना,

(ट) सम्बन्धित पक्षसँग भएका कारोबार,

(ठ) महत्वपूर्ण सम्झौताहरू,

(ड) कानूनी विवाद तथा दायित्व,

(ढ) संस्थागत सुशासन सम्बन्धी जानकारी,

(ण) अन्य विवरण बोर्डले आवश्यक ठाने बमोजिम।

५८. **<u>महत्वपूर्ण सूचना (Material Information) को जानकारीः</u>** (१) संगठित संस्थाले लगानीकर्ताको निर्णयमा प्रभाव पार्न सक्ने प्रत्येक महत्वपूर्ण सूचना विवरणपत्रमा समावेश गर्नुपर्नेछ।

(२) महत्वपूर्ण सूचना भन्नाले विशेषतः देहायका विषयहरूलाई जनाउनेछः

(क) व्यवसायमा महत्वपूर्ण परिवर्तन,

(ख) परियोजनाको प्रगति वा ढिलाइ,

(ग) प्रमुख वित्तीय जोखिम,

(घ) प्रमुख ऋण तथा दायित्व,

(ङ) नियामकीय कारबाही,

(च) वातावरणीय तथा सामाजिक जोखिम,

(छ) अन्य कुनै महत्वपूर्ण घटना।

५९. **<u>जोखिम सम्बन्धी जानकारी:</u>** (१) संगठित संस्थाले आफ्नो व्यवसाय तथा प्रस्तावित सार्वजनिक निष्काशनसँग सम्बन्धित सबै महत्वपूर्ण जोखिमहरू स्पष्ट रूपमा विवरणपत्रमा उल्लेख गर्नुपर्नेछ।

(२) जोखिमहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गरी प्रस्तुत गर्नुपर्नेछ।

(३) जोखिमको सम्भावित प्रभाव तथा न्यूनीकरणका उपाय समेत उल्लेख गरिएको हुनुपर्नेछ।

६०. **<u>वित्तीय जानकारीको जानकारी:</u>** (१) संगठित संस्थाले बोर्डले तोकेको अवधिको लेखापरीक्षित वित्तीय विवरण विवरणपत्रमा समावेश गर्नुपर्नेछ।

(२) वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) वा लागू हुने अन्य स्वीकृत लेखा मापदण्डअनुसार तयार गरिएको हुनुपर्नेछ।

(३) वित्तीय विवरण स्वतन्त्र लेखापरीक्षकबाट लेखापरीक्षण गरिएको हुनुपर्नेछ।

६१. **<u>सम्बन्धित पक्षसँग भएका कारोबार:</u>** (१) संगठित संस्थाले सम्बन्धित पक्षसँग भएका सबै महत्वपूर्ण कारोबार स्पष्ट रूपमा जानकारी गराउनुपर्नेछ।

(२) त्यस्ता कारोबार निष्पक्ष, पारदर्शी तथा संगठित संस्थाको हितअनुकूल भएको पुष्टि गरिएको हुनुपर्नेछ।

६२. **<u>कानूनी विवाद तथा दायित्वको जानकारी:</u>** (१) संगठित संस्थाले सार्वजनिक निष्काशनको समयमा विचाराधीन वा सम्भावित महत्वपूर्ण कानूनी विवादहरूको विवरण उल्लेख गर्नुपर्नेछ।

(२) त्यस्ता विवादले संगठित संस्थाको वित्तीय अवस्था, व्यवसाय वा सार्वजनिक निष्काशनमा पार्न सक्ने प्रभाव समेत उल्लेख गर्नुपर्नेछ।

६३. <u>प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग योजना:</u> (१) संगठित संस्थाले सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमको विस्तृत उपयोग योजना विवरणपत्रमा उल्लेख गर्नुपर्नेछ।

(२) रकमको उपयोग उद्देश्य, अनुमानित समयसीमा तथा अपेक्षित परिणाम स्पष्ट रूपमा खुलाइएको हुनुपर्नेछ।

(३) बोर्डको पूर्व स्वीकृति बिना प्रारम्भिक सार्वजनिक निष्काशन बाट प्राप्त रकम स्वीकृत उद्देश्यभन्दा फरक प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

६४. <u>भविष्य सम्बन्धी जानकारी:</u> (१) संगठित संस्थाले भविष्य सम्बन्धी अनुमान, प्रक्षेपण वा अपेक्षाहरू समावेश गरेमा त्यस्ता विवरण उचित आधारमा तयार गरिएको हुनुपर्नेछ।

(२) भविष्यसम्बन्धी विवरणसँग सम्बन्धित अनिश्चितता तथा जोखिम स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

६५. <u>सञ्चालक समितिको उत्तरदायित्व घोषणा:</u> (१) सञ्चालक समितिले विवरणपत्रमा समावेश गरिएको जानकारी आफ्नो जानकारी तथा विश्वास अनुसार सत्य, पूर्ण तथा सही रहेको घोषणा गर्नुपर्नेछ।

(२) झुट्टा, भ्रामक वा महत्वपूर्ण तथ्य लुकाई प्रस्तुत गरिएको विवरणका लागि सम्बन्धित सञ्चालकहरू प्रचलित कानून बमोजिम उत्तरदायी हुनेछन्।

६६. <u>निष्काशन तथा बिक्री प्रबन्धकको उत्तरदायित्व:</u> (१) निष्काशन तथा बिक्री प्रबन्धकले विवरणपत्रमा समावेश गरिएको जानकारी सम्बन्धी आवश्यक ड्यु डिलिजेन्स सम्पन्न गरेको हुनुपर्नेछ।

(२) निष्काशन तथा बिक्री प्रबन्धकले आफ्नो ड्यु डिलिजेन्सको आधारमा बोर्डसमक्ष प्रमाणपत्र पेश गर्नुपर्नेछ।

६७. <u>विवरणपत्रको अद्यावधिक:</u> (१) बोर्डबाट स्वीकृति प्राप्त भएपश्चात् सार्वजनिक निष्काशन सम्पन्न नहुँदासम्म कुनै महत्वपूर्ण परिवर्तन भएमा संगठित संस्थाले विवरणपत्र अद्यावधिक गरी बोर्डको स्वीकृति प्राप्त गर्नुपर्नेछ।

(२) अद्यावधिक गरिएको जानकारी सार्वजनिक रूपमा उपलब्ध गराइनुपर्नेछ।

६८. <u>भ्रामक विवरणको परिणाम:</u> (१) कुनै संगठित संस्था, संस्थापक शेयरधनी, सञ्चालक, व्यवस्थापन, निष्काशन तथा बिक्री प्रबन्धक वा अन्य सम्बन्धित व्यक्तिले जानाजानी भ्रामक विवरण प्रस्तुत गरेको, महत्वपूर्ण तथ्य लुकाएको वा झुट्टा जानकारी दिएको पाइएमा बोर्डलेः

(क) सार्वजनिक निष्काशनको स्वीकृति स्थगन वा रद्द गर्न,

(ख) थप जानकारी वा संशोधित विवरणपत्र पेश गर्न आदेश दिन,

(ग) विशेष लेखापरीक्षण वा स्वतन्त्र अनुसन्धान गराउन,

(घ) प्रचलित कानूनबमोजिम प्रशासनिक वा कानूनी कारबाही गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कारबाहीबाट पीडित लगानीकर्ताले प्रचलित कानूनबमोजिम क्षतिपूर्ति माग गर्न सक्ने अधिकारमा असर पर्ने छैन।

परिच्छेद–८

डयु डिलिजेन्स तथा पेशागत उत्तरदायित्व

६९. **डयु डिलिजेन्सको उद्देश्य:** (१) सार्वजनिक निष्काशनको प्रक्रियामा संलग्न सबै सम्बन्धित पक्षले विवरणपत्र तथा सार्वजनिक निष्काशनसँग सम्बन्धित जानकारी सत्य, पूर्ण, निष्पक्ष तथा विश्वसनीय रहेको सुनिश्चित गर्न आवश्यक डयु डिलिजेन्स सम्पन्न गर्नुपर्नेछ।

(२) डयु डिलिजेन्सको उद्देश्य सार्वजनिक लगानीकर्ताको हित संरक्षण, सूचना असमानता न्यूनीकरण तथा पूँजी बजारप्रति विश्वास अभिवृद्धि गर्नु हुनेछ।

७०. **डयु डिलिजेन्सको दायित्व:** देहायका संस्था तथा व्यक्तिहरूले आफ्नो कार्यक्षेत्रभित्र आवश्यक डयु डिलिजेन्स सम्पन्न गर्नुपर्नेछः

(क) संगठित संस्था,

(ख) सञ्चालक समिति,

(ग) संस्थापक शेयरधनी

(घ) प्रमुख कार्यकारी अधिकृत,

(ङ) प्रमुख वित्तीय अधिकृत,

(च) निष्काशन तथा बिक्री प्रबन्धक,

(छ) लेखापरीक्षक,

(ज) कानूनी परामर्शदाता,

(झ) स्वतन्त्र इन्जिनियर (आवश्यकता अनुसार),

(ञ) मूल्याङ्कनकर्ता (आवश्यकता अनुसार),

(ट) क्रेडिट रेटिङ संस्था (आवश्यकता अनुसार),

(ठ) बोर्डले तोकेका अन्य सम्बन्धित व्यवसायिक संस्था वा व्यक्ति।

७१. **निष्काशन तथा बिक्री प्रबन्धकको दायित्व:** (१) निष्काशन तथा बिक्री प्रबन्धकले सार्वजनिक निष्काशनको सम्पूर्ण प्रक्रियामा समुचित डयु डिलिजेन्स सम्पन्न गर्नुपर्नेछ।

(२) विशेषतः देहायका विषयहरूको परीक्षण गर्नुपर्नेछः

(क) कानूनी कागजात,

(ख) वित्तीय विवरण,

(ग) व्यवसाय तथा आयोजना,

(घ) जोखिमहरू,

(ङ) संस्थागत सुशासन,

(च) विवरणपत्रको शुद्धता,

(छ) प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग योजना,

(ज) अन्य आवश्यक विषय।

(३) निष्काशन तथा बिक्री प्रबन्धकले बोर्डसमक्ष ड्यु डिलिजेन्स प्रमाणपत्र पेश गर्नुपर्नेछ।

७२. <u>संगठित संस्थाको सञ्चालक समितिको दायित्व:</u> (१) सञ्चालक समितिले विवरणपत्रमा समावेश प्रत्येक महत्वपूर्ण जानकारीको सत्यता तथा पूर्णताप्रति सामूहिक रूपमा उत्तरदायित्व वहन गर्नेछ।

(२) सञ्चालक समितिले ड्यु डिलिजेन्स प्रक्रियामा आवश्यक सहयोग तथा अभिलेख उपलब्ध गराउनुपर्नेछ।

७३. <u>प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृतको दायित्व:</u> (१) प्रमुख कार्यकारी अधिकृतले संगठित संस्थाको सञ्चालन, व्यवसायिक अवस्था सम्बन्धी विवरणा विवरणपत्रमा समावेश भएको सुनिश्चतता सहित जानकारीको सत्यताको प्रमाणीकरण गर्नुपर्नेछ।

(२) प्रमुख वित्तीय अधिकृतले वित्तीय विवरण, वित्तीय प्रक्षेपण तथा प्रारम्भिक सार्वजनिक निष्काशन रकम उपयोग योजनाको प्रमाणीकरण गर्नुपर्नेछ।

७४. <u>लेखापरीक्षकको दायित्व:</u> (१) लेखापरीक्षकले वित्तीय विवरण लागू हुने लेखा मापदण्डबमोजिम तयार भएको तथा स्वतन्त्र रूपमा लेखापरीक्षण सम्पन्न गरिएको प्रमाणित गर्नुपर्नेछ।

(२) लेखापरीक्षकले वित्तीय विवरणमा महत्वपूर्ण त्रुटि, भ्रामक विवरण प्रस्तुत गरेको वा जानकारी लुकाइएको देखिएमा तत्काल संगठित संस्था तथा बोर्डलाई जानकारी गराउनुपर्नेछ।

७५. <u>कानूनी परामर्शदाताको दायित्व:</u> (१) कानूनी परामर्शदाताले संगठित संस्थाको कानूनी स्थिति, स्वामित्व, सम्झौता, इजाजतपत्र, अनुमति तथा विचाराधीन मुद्दाहरूको स्वतन्त्र परीक्षण गर्नुपर्नेछ।

(२) कानूनी परीक्षणको आधारमा कानूनी ड्यु डिलिजिन्स प्रमाणपत्र जारी गर्नुपर्नेछ।

७६. <u>स्वतन्त्र इन्जिनियरको दायित्व:</u> (१) पूर्वाधार, जलविद्युत, ऊर्जा वा अन्य प्राविधिक आयोजनाको सार्वजनिक निष्काशनमा स्वतन्त्र इन्जिनियरले परियोजनाको प्राविधिक अवस्था, निर्माण प्रगति, लागत तथा सञ्चालन तयारीको परीक्षण गर्नुपर्नेछ।

(२) स्वतन्त्र इन्जिनियरले आफ्नो निष्कर्ष बोर्डसमक्ष पेश गर्नुपर्नेछ।

७७. <u>मूल्याङ्कनकर्ता तथा अन्य विशेषज्ञको दायित्व:</u> (१) मूल्याङ्कनकर्ता, प्राविधिक विशेषज्ञ, वातावरणीय विशेषज्ञ वा अन्य सम्बन्धित व्यक्तिले आफ्नो कार्यक्षेत्र भित्र स्वतन्त्र, निष्पक्ष तथा व्यावसायिक राय प्रदान गर्नुपर्नेछ।

(२) कुनै पनि राय प्रमाण, तथ्य तथा स्वीकृत व्यावसायिक मापदण्डमा आधारित हुनुपर्नेछ।

७८. <u>ड्यु डिलिजेन्स अभिलेख:</u> (१) ड्यु डिलिजेन्ससँग सम्बन्धित सबै कार्यपत्र, प्रमाण, विश्लेषण तथा प्रतिवेदन सुरक्षित रूपमा अभिलेखीकरण गरिनुपर्नेछ।

(२) त्यस्ता अभिलेख कम्तीमा दश वर्षसम्म सुरक्षित राखिनुपर्नेछ।

(३) बोर्डले आवश्यक ठानेमा कुनै पनि समयमा त्यस्ता अभिलेख माग गर्न सक्नेछ।

७९. <u>पेशागत स्वतन्त्रता:</u> (१) ड्यु डिलिजेन्स गर्ने प्रत्येक सम्बन्धित व्यक्ति वा संस्थाले स्वतन्त्र, निष्पक्ष तथा व्यावसायिक रूपमा आफ्नो कार्य सम्पादन गर्नुपर्नेछ।

(२) स्वार्थको द्वन्द्व भएको अवस्थामा सम्बन्धित व्यक्तिले तत्काल लिखित रूपमा जानकारी गराउनुपर्नेछ।

८०. <u>झुट्टा प्रमाणीकरण वा लापरवाही:</u> (१) कुनै व्यवसायिक संस्था वा व्यक्तिलेः

(क) झुट्टा प्रमाणपत्र जारी गरेमा,

(ख) आवश्यक ड्यु डिलिजेन्स नगरी प्रमाणीकरण गरेमा,

(ग) महत्वपूर्ण तथ्य लुकाएमा,

(घ) जानाजानी भ्रामक जानकारी प्रस्तुत गरेमा,

बोर्डले प्रचलित कानूनबमोजिम प्रशासनिक, आर्थिक वा अन्य नियामकीय कारबाही गर्न सक्नेछ।

(२) आवश्यक परे बोर्डले सम्बन्धित व्यवसायिक संस्था वा व्यक्तिलाई भविष्यका सार्वजनिक निष्काशन प्रक्रियामा सहभागी हुनबाट निश्चित अवधिका लागि रोक लगाउन सक्नेछ।

८१. <u>बोर्डको परीक्षण अधिकार:</u> (१) बोर्डले कुनै पनि समयमा ड्यु डिलिजेन्स प्रतिवेदन, कार्यपत्र, प्रमाण वा प्रमाणीकरणको स्वतन्त्र परीक्षण गर्न सक्नेछ।

(क) बोर्डले आवश्यक ठानेमा

(ख) थप जानकारी माग्न,

(ग) स्वतन्त्र विशेषज्ञ नियुक्त गर्न,

(घ) विशेष लेखापरीक्षण गराउन,

(ङ) पुनः ड्यु डिलिजेन्स गर्न निर्देशन दिन सक्नेछ।

८२. <u>ड्यु डिलिजेन्स प्रमाणपत्र:</u> (१) सार्वजनिक निष्काशनको स्वीकृति माग गर्दा बोर्डले तोकेको ढाँचामा कम्तीमा देहायका प्रमाणपत्रहरू पेश गर्नुपर्नेछः

(क) निष्काशन तथा बिक्रि प्रबन्धक ड्यु डिलिजेन्स प्रमाणपत्र,

(ख) लेखापरीक्षकको ड्यु डिलिजेन्स प्रमाणपत्र,

(ग) कानूनी ड्यु डिलिजेन्स प्रमाणपत्र,

(घ) स्वतन्त्र इन्जिनियर ड्यु डिलिजेन्स प्रमाणपत्र (आवश्यकता अनुसार),

(ङ) संस्थागत सुशासन ड्यु डिलिजेन्स प्रमाणपत्र,

(च) बोर्डले आवश्यक ठानेका अन्य प्रमाणपत्र।

(२) उपदफा (१) बमोजिमका प्रमाणपत्रहरू निर्देशिकाका अनुसूचीहरू बमोजिमको ढाँचामा तयार गरिनुपर्नेछ।

परिच्छेद–९

<u>सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग, अनुगमन तथा प्रतिवेदन</u>

८३. <u>सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग:</u> (१) सार्वजनिक निष्काशनबाट संकलित रकम विवरणपत्रमा उल्लेख गरिएको स्वीकृत उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

(२) संगठित संस्थाले सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग दक्ष, मितव्ययी, पारदर्शी तथा उत्तरदायी ढङ्गले गर्नुपर्नेछ।

(३) सार्वजनिक निष्काशनबाट प्राप्त रकम संगठित संस्थाको नियमित सञ्चालन खर्च, असम्बन्धित लगानी वा बोर्डबाट स्वीकृत नभएका प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

८४. <u>रकम उपयोग योजना:</u> (१) प्रत्येक संगठित संस्थाले सार्वजनिक निष्काशन आवेदनसँग विस्तृत रकम उपयोग पेश गर्नुपर्नेछ।

(२) उक्त योजनामा कम्तीमा देहायका विवरण समावेश हुनुपर्नेछः

(क) प्रत्येक परियोजना वा प्रयोजनको विवरण,

(ख) अनुमानित खर्च,

(ग) कार्यान्वयन समयसीमा,

(घ) रकम उपयोगको चरणगत तालिका,

(ङ) अपेक्षित उपलब्धि,

(च) जिम्मेवार विभाग वा पदाधिकारी,

(छ) अन्य विवरण बोर्डले आवश्यक ठाने बमोजिम।

८५. <u>छुट्टै बैंक खाता:</u> (१) सार्वजनिक निष्काशनबाट प्राप्त सम्पूर्ण रकम संगठित संस्थाले छुट्टै बैंक खातामा जम्मा गर्नुपर्नेछ।

(२) उक्त खाताबाट हुने प्रत्येक भुक्तानी अभिलेखीकरण तथा लेखापरीक्षण योग्य हुनुपर्नेछ।

(३) बोर्डले आवश्यक ठानेमा उक्त खाताको विवरण जुनसुकै समयमा माग गर्न सक्नेछ।

८६. <u>रकम उपयोगको आन्तरिक नियन्त्रण:</u> (१) संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन रकमको उपयोगका लागि पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली लागू गरेको हुनुपर्नेछ।

(२) कुनै पनि भुक्तानी स्वीकृत अधिकार प्राप्त अधिकारीको अनुमोदन बिना गर्न पाइने छैन।

(३) रकम उपयोगसम्बन्धी सम्पूर्ण अभिलेख सुरक्षित राखिनुपर्नेछ।

८७. <u>रकम उपयोगको अनुगमन:</u> (१) संगठित संस्थाले सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोगको नियमित अनुगमन गर्नुपर्नेछ।

(२) सञ्चालक समितिले प्रत्येक त्रैमासिक बैठकमा रकम उपयोगको समीक्षा गर्नुपर्नेछ।

(३) लेखा परीक्षण समितिले रकम उपयोग विवरणको स्वतन्त्र समीक्षा गर्नुपर्नेछ।

८८. <u>बोर्डलाई प्रतिवेदन:</u>(१) संगठित संस्थाले सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग सम्बन्धी त्रैमासिक तथा वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेछ।

तर निष्काशनबाट प्राप्त सम्पूर्ण रकमको उपयोग समाप्त भएपछि त्रैमासिक तथा वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुनपर्ने।

(२) प्रतिवेदनमा कम्तीमा देहायका विवरण समावेश हुनुपर्नेछः

(क) प्राप्त रकम,

(ख) खर्च भएको रकम,

(ग) बाँकी रकम,

(घ) परियोजनागत उपयोग,

(ङ) स्वीकृत योजनासँगको तुलना,

(च) भेरियन्स,

(छ) सुधारात्मक उपाय,

(ज) अन्य आवश्यक विवरण।

८९. **<u>पूँजी उपयोगको योजनामा हेरफेर</u>** (१) बोर्डको पूर्वस्वीकृति बिना स्वीकृत रकम उपयोग योजनामा कुनै परिवर्तन गर्न पाइने छैन।

(२) संगठित संस्थाले पूर्व स्वीकृत योजनामा परिमार्जन आवश्यक परेको अवस्थामा कारणसहित बोर्डसमक्ष निवेदन दिनुपर्नेछ।

(३) बोर्डले लगानीकर्ताको हित, परियोजनाको आवश्यकता तथा सार्वजनिक हितलाई मध्यनजर गरी स्वीकृति प्रदान गर्न सक्नेछ।

९१. **<u>स्वतन्त्र प्रमाणीकरणः</u>** (१) सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग सम्बन्धी स्वतन्त्र परीक्षण गराउन सक्नेछ।

(२) परीक्षणका लागि स्वतन्त्र लेखापरीक्षक, चार्टर्ड एकाउन्टेन्ट, रेटिङ एजेन्सी, मर्चेण्ट बैंक वा अन्य योग्य विशेषज्ञ बोर्डले नियुक्त गर्न सक्नेछ।

९२. **<u>रकमको दुरुपयोगः</u>** (१) सार्वजनिक निष्काशनबाट प्राप्त रकम स्वीकृत उद्देश्यभन्दा फरक प्रयोजनमा प्रयोग गरिएको पाइएमा बोर्डले देहायका कारबाही गर्न सक्नेछः

(क) तत्काल उपयोग रोक्न निर्देशन दिने,

(ख) सुधारात्मक कार्ययोजना माग गर्ने,

(ग) विशेष लेखापरीक्षण गराउने,

(घ) सम्बन्धित पदाधिकारीसँग स्पष्टीकरण माग गर्ने,

(ङ) प्रचलित कानूनबमोजिम प्रशासनिक वा कानूनी कारबाही गर्ने।

९३. **<u>सार्वजनिक गर्नुपर्नेः</u>** (१) संगठित संस्थाले सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग सम्बन्धी महत्वपूर्ण विवरण आफ्नो वेबसाइट तथा बोर्डले तोकेको माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

(२) कुनै महत्वपूर्ण परिवर्तन वा ढिलाई भएमा त्यसको कारण तथा सुधार योजना समेत सार्वजनिक गर्नुपर्नेछ।

९४. **<u>अभिलेख संरक्षणः</u>** (१) रकम उपयोगसँग सम्बन्धित सबै भुक्तानी अभिलेख, सम्झौता, बैंक विवरण, लेखापरीक्षण प्रतिवेदन तथा अन्य सम्बन्धित कागजात कम्तीमा सात वर्षसम्म सुरक्षित राखिनुपर्नेछ।

(२) बोर्डले आवश्यक ठानेमा त्यस्ता अभिलेख बोर्डबाट झिकाई परीक्षण वा सो सम्बन्धमा निरीक्षण समेत गर्न सक्नेछ।

९५. <u>बोर्डको विशेष अधिकारः</u> (१) सार्वजनिक लगानीकर्ताको हित संरक्षणका लागि बोर्डले आवश्यक ठानेमाः

(क) विशेष निरीक्षण,

(ख) फरेन्सिक परीक्षण,

(ग) रकम उपयोगको स्वतन्त्र समीक्षा,

(घ) परियोजना स्थल निरीक्षण,

(ङ) अन्य आवश्यक नियामकीय उपाय,

अवलम्बन गर्न सक्नेछ।

९६. <u>अनुसूचीको प्रयोगः</u> यस परिच्छेदको कार्यान्वयनका लागिः

(क) रकम उपयोगको अनुगमन सम्बन्धी ढाँचा,

(ख) त्रैमासिक रकम उपयोग प्रतिवेदन,

(ग) वार्षिक रकम उपयोग प्रतिवेदन,

(घ) स्वतन्त्र प्रमाणीकरण प्रतिवेदन,

(ङ) बोर्डले स्वीकृत गरेका अन्य फाराम तथा अनुसूचीहरू,

प्रयोग गरिनेछन्।

परिच्छेद—१०

<u>सार्वजनिक निष्काशन आवेदनको समीक्षा, मूल्याङ्कन तथा स्वीकृति प्रक्रिया</u>

९७. <u>सार्वजनिक निष्काशन आवेदनको दर्ताः</u> (१) सार्वजनिक निष्काशनको स्वीकृति प्राप्त गर्न चाहने संगठित संस्थाले बोर्डले तोकेको ढाँचामा आवेदन पेश गर्नुपर्नेछ।

(२) आवेदनसँग यस निर्देशिका, प्रचलित कानून तथा बोर्डले तोकेका सम्पूर्ण कागजात, प्रमाणपत्र तथा अनुसूचीहरू संलग्न गर्नुपर्नेछ।

(३) अपूर्ण आवेदन बोर्डले दर्ता नगर्न वा आवश्यक कागजात पेश गर्न निर्देशन दिन सक्नेछ।

९८. <u>प्रारम्भिक परीक्षणः</u> (१) आवेदन प्राप्त भएपछि बोर्डले प्रारम्भिक परीक्षण गरी देहायका विषयहरूको समीक्षा गर्नेछः

(क) आवेदनको पूर्णता,

(ख) आवश्यक कागजातहरूको उपलब्धता,

(ग) आवेदन शुल्क,

(घ) न्यूनतम कानूनी योग्यता,

(ङ) अन्य प्रारम्भिक आवश्यकताहरू।

(२) प्रारम्भिक परीक्षणपछि बोर्डलेः

(क) विस्तृत मूल्याङ्कनका लागि स्वीकार गर्ने,

(ख) थप विवरण माग गर्ने, वा

(ग) आवेदन फिर्ता गर्ने,

निर्णय गर्न सक्नेछ।

९९. <u>विस्तृत नियामकीय मूल्याङ्कनः</u> (१) प्रारम्भिक परीक्षणमा योग्य ठहरिएको आवेदनको बोर्डले विस्तृत मूल्याङ्कन गर्नेछ।

(२) विस्तृत मूल्याङ्कनमा कम्तीमा देहायका विषय समावेश हुनेछन्ः

(क) कानूनी परीक्षण,

(ख) वित्तीय परीक्षण,

(ग) व्यवसाय तथा सञ्चालन तयारी,

(घ) संस्थागत सुशासन,

(ङ) परियोजना वा व्यवसायिक सम्भाव्यता,

(च) जोखिम मूल्याङ्कन,

(छ) विवरणपत्रको समीक्षा,

(ज) प्रारम्भिक सार्वजनिक निष्काशन रकम उपयोग योजना,

(झ) अन्य आवश्यक विषय।

१००. <u>जोखिममा आधारित मूल्याङ्कनः</u> (१) संगठित संस्थाले बोर्डमा पेश गरेका विवरणका आधारमा बोर्डले प्रत्येक आवेदनको जोखिममा आधारित समग्र मूल्याङ्कन गर्नेछ।

(२) मूल्याङ्कन गर्दा विशेष रूपमा देहायका जोखिमहरूमध्येबाट अध्ययन गर्न सकिनेछः

(क) वित्तीय जोखिम,

(ख) व्यवसायिक जोखिम,

(ग) सञ्चालन जोखिम,

(घ) कानूनी जोखिम,

(ङ) नियामकीय जोखिम,

(च) संस्थागत सुशासन सम्बन्धी जोखिम,

(छ) परियोजना कार्यान्वयन जोखिम,

(ज) लगानीकर्ता संरक्षण जोखिम।

(झ) वातावरणीय जोखिम

१०१. <u>स्वतन्त्र प्रमाणीकरण तथा विशेषज्ञ रायः</u> (१) बोर्डले आवश्यक ठानेमा स्वतन्त्र विशेषज्ञ, लेखापरीक्षक, इन्जिनियर, कानूनी परामर्शदाता वा अन्य योग्य व्यक्तिबाट राय वा प्रमाणीकरण माग गर्न सक्नेछ।

(२) संगठित संस्थाले बोर्डद्वारा मागिएको थप प्रमाण वा जानकारी तोकिएको अवधिभित्र उपलब्ध गराउनुपर्नेछ।

१०२. <u>थप जानकारी माग गर्ने अधिकारः</u> (१) आवेदनको समीक्षा क्रममा आवश्यक देखिएमा बोर्डले संगठित संस्था, निष्काशन तथा बिक्री प्रबन्धक वा अन्य सम्बन्धित पक्षसँग थप जानकारी, स्पष्टीकरण वा कागजात माग गर्न सक्नेछ।

(२) तोकिएको अवधिभित्र आवश्यक विवरण पेश नगरेमा बोर्डले आवेदनको समीक्षा स्थगन वा अस्वीकृत गर्न सक्नेछ।

१०३. <u>स्थलगत निरीक्षण तथा विशेष परीक्षणः</u> (१) बोर्डले आवश्यक ठानेमा संगठित संस्थाको कार्यालय, परियोजना स्थल वा अन्य सम्बन्धित स्थानको निरीक्षण गर्न सक्नेछ।

(२) बोर्डले विशेष लेखापरीक्षण, फरेन्सिक परीक्षण, सूचना प्रविधि परीक्षण वा अन्य स्वतन्त्र परीक्षण गराउन सक्नेछ।

१०४. <u>प्रारम्भिक सार्वजनिक निष्काशन पुनरावलोकन समितिः</u> (१) बोर्डले सार्वजनिक निष्काशन आवेदनको मूल्याङ्कनका लागि बोर्ड सदस्य सम्मिलित प्रारम्भिक सार्वजनिक निष्काशन पुनरावलोकन समिति गठन गर्न सक्नेछ।

(२) समितिमा आवश्यकताअनुसार कानूनी, वित्तीय, प्राविधिक, लेखापरीक्षण, संस्थागत सुशासन तथा पूँजी बजार सम्बन्धी विशेषज्ञ समावेश गर्न सकिनेछ।

(३) समितिले आफ्नो सिफारिस बोर्डसमक्ष पेश गर्नेछ।

१०५. <u>शर्तसहित स्वीकृतिः</u> (१) बोर्डले आवश्यक ठानेमा निश्चित शर्तहरू पूरा गर्ने शर्तमा सार्वजनिक निष्काशनको स्वीकृति दिन सक्नेछ।

(२) संगठित संस्थाले तोकिएको अवधिभित्र ती शर्तहरू पूरा गरेको प्रमाण बोर्डसमक्ष पेश गर्नुपर्नेछ।

(३) शर्तहरू पूरा नभएसम्म सार्वजनिक निष्काशन गर्न पाइने छैन।

१०६. <u>आवेदन अस्वीकृत गर्ने आधारहरूः</u> देहायका अवस्थाहरू विद्यमान भएमा बोर्डले सार्वजनिक निष्काशनको स्वीकृति दिन अस्वीकार गर्न सक्नेछः

(क) महत्वपूर्ण तथ्य लुकाइएको,

(ख) झुट्टा वा भ्रामक जानकारी पेश गरिएको,

(ग) न्यूनतम योग्यता पूरा नभएको,

(घ) संस्थागत सुशासन सम्बन्धी गम्भीर कमजोरी रहेको,

(ङ) वित्तीय अवस्था सार्वजनिक हितविपरीत रहेको,

(च) प्रारम्भिक सार्वजनिक निष्काशन रकमको उपयोग योजना विश्वसनीय नभएको,

(छ) सार्वजनिक लगानीकर्ताको हितमा प्रतिकूल असर पर्ने अवस्था रहेको,

(ज) अन्य कुनै पर्याप्त नियामकीय कारण।

१०७. <u>सुनुवाइको अवसरः</u> (१) आवेदन अस्वीकृत गर्ने वा प्रतिकूल निर्णय गर्ने पूर्व बोर्डले आवश्यक ठानेमा संगठित संस्थालाई आफ्नो धारणा प्रस्तुत गर्ने उचित अवसर प्रदान गर्न सक्नेछ।

(२) सुनुवाइको प्रक्रिया बोर्डले निर्धारण गरेबमोजिम हुनेछ।

१०८. **<u>बोर्डको अन्तिम निर्णयः</u>** (१) सबै मूल्याङ्कन, प्रतिवेदन तथा सिफारिसहरूको आधारमा बोर्डलेः

(क) स्वीकृति दिने,

(ख) शर्तसहित स्वीकृति दिने,

(ग) थप जानकारी माग गर्ने,

(घ) आवेदन स्थगन गर्ने,

(ङ) आवेदन अस्वीकृत गर्ने,

निर्णय गर्न सक्नेछ।

(२) बोर्डको निर्णय लिखित रूपमा सम्बन्धित संगठित संस्थालाई जानकारी गराउनुपर्नेछ।

१०९. **<u>निर्णयको अभिलेखीकरणः</u>** (१) सार्वजनिक निष्काशनसँग सम्बन्धित सम्पूर्ण समीक्षा, मूल्याङ्कन, प्रतिवेदन, कार्यपत्र तथा निर्णय सुरक्षित रूपमा अभिलेखीकरण गरिनुपर्नेछ।

(२) त्यस्ता अभिलेख कम्तीमा दश वर्षसम्म सुरक्षित राखिनुपर्नेछ।

११०. **<u>अनुसूचीहरूको प्रयोगः</u>** यस परिच्छेदको कार्यान्वयनका लागि विशेष रूपमा देहायका अनुसूचीहरू प्रयोग गरिनेछन्ः

(क) प्रारम्भिक सार्वजनिक निष्काशनको योग्यता सम्बन्धी चेकलिष्ट,

(ख) Risk-Based Assessment Scorecard,

(ग) संस्थागत सुशासन सम्बन्धी अनुपालना प्रतिवेदन,

(घ) स्वतन्त्र इन्जिनियर प्रतिवेदन (आवश्यकता अनुसार),

(ङ) निष्काशन तथा बिक्रि प्रबन्धक सम्बन्धी प्रमाणपत्र,

(च) बोर्डको आन्तरिक प्रारम्भिक सार्वजनिक निष्काशन पुनरावलोकन,

(छ) बोर्डले स्वीकृत गरेका अन्य फाराम तथा चेकलिस्टहरू।

परिच्छेद–११

<u>सार्वजनिक निष्काशनपछिको दायित्व, निरन्तर अनुपालना तथा अनुगमन</u>

१११. **<u>सार्वजनिक निष्काशनपछिको दायित्वः</u>** (१) सार्वजनिक निष्काशन सम्पन्न गरी धितोपत्र सूचीकृत भएपछि संगठित संस्थाले प्रचलित कानून, यस निर्देशिका तथा बोर्डबाट जारी निर्देशनहरूको निरन्तर पालना गर्नुपर्नेछ।

(२) कम्पनीले संगठित संस्थाको रूपमा पारदर्शिता, उत्तरदायित्व, सुशासन तथा लगानीकर्ता संरक्षणका सिद्धान्तहरूको निरन्तर पालना गर्नुपर्नेछ।

११२. **<u>सूचना उपलब्ध गराउनुपर्नेः</u>** (१) संगठित संस्थाले लगानीकर्ताको निर्णयमा प्रभाव पार्न सक्ने कुनै पनि महत्वपूर्ण सूचना वा घटनाको जानकारी यथाशीघ्र बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई उपलब्ध गराउनुपर्नेछ।

(२) विशेषतः देहायका घटनाहरू तत्काल उपलब्ध गर्नुपर्नेछः

(क) व्यवसायमा महत्वपूर्ण परिवर्तन,

(ख) पूँजी संरचनामा परिवर्तन,

(ग) सञ्चालक वा प्रमुख व्यवस्थापनमा परिवर्तन,

(घ) महत्वपूर्ण कानूनी विवाद,

(ङ) ठूलो वित्तीय दायित्व,

(च) परियोजना ढिलाइ वा सञ्चालन अवरोध,

(छ) प्राकृतिक विपद् वा दुर्घटना,

(ज) अन्य महत्वपूर्ण घटना।

११३. <u>प्रतिवेदन पेश गर्नुपर्ने:</u> (१) संगठित संस्थाले बोर्डले तोकेको ढाँचामा त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) प्रतिवेदनमा कम्तीमा देहायका विषय समावेश हुनुपर्नेछः

(क) वित्तीय विवरण,

(ख) व्यवस्थापन विश्लेषण,

(ग) प्रारम्भिक सार्वजनिक निष्काशन रकमको उपयोग,

(घ) संस्थागत सुशासनको परिपालना,

(ङ) जोखिम अद्यावधिक,

(च) सम्बन्धित पक्षसँग भएका कारोबार,

(छ) अन्य आवश्यक विवरण।

११४. <u>संस्थागत सुशासनको निरन्तर पालनाः</u> (१) संगठित संस्थाले सार्वजनिक निष्काशनको समयमा प्रस्तुत गरेको Corporate Governance Policy निरन्तर कार्यान्वयन गर्नुपर्नेछ।

(२) सञ्चालक समितिले प्रत्येक आर्थिक वर्षमा संस्थागत सुशासन सम्बन्धी स्वमूल्याङ्कन गर्नुपर्नेछ।

(३) बोर्डले आवश्यक ठानेमा स्वतन्त्र संस्थागत सुशासन परीक्षण गराउन सक्नेछ।

११५. <u>सार्वजनिक निष्काशनबाट प्राप्त रकमको अनुगमनः</u> (१) संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन बाट प्राप्त रकमको उपयोग यस निर्देशिका तथा स्वीकृत रकम उपयोग योजना बमोजिम गरिरहनुपर्नेछ।

(२) रकम उपयोग सम्बन्धी प्रतिवेदन सार्वजनिक तथा बोर्डसमक्ष नियमित रूपमा पेश गर्नुपर्नेछ।

११६. <u>लगानीकर्तासँगको सम्बन्धः</u> (१) संगठित संस्थाले लगानीकर्तासँग प्रभावकारी सञ्चार कायम गर्न लगानीकर्तासँगको सम्बन्ध सम्बन्धी व्यवस्था स्थापना गर्नुपर्नेछ।

(२) लगानीकर्ताबाट प्राप्त गुनासा, जिज्ञासा तथा सूचना मागको समयमै सम्बोधन गर्नुपर्नेछ।

११७. <u>अभिलेख संरक्षणः</u> (१) संगठित संस्थाले सार्वजनिक निष्काशन, सूचीकरण तथा त्यसपछिका सबै नियामकीय अभिलेख सुरक्षित रूपमा संरक्षण गर्नुपर्नेछ।

(२) त्यस्ता अभिलेख कम्तीमा दश वर्षसम्म सुरक्षित राखिनुपर्नेछ वा प्रचलित कानूनले तोकेको अवधि बढी भए सोही अवधि लागू हुनेछ।

११८. <u>बोर्डद्वारा निरन्तर अनुगमनः</u> (१) बोर्डले सूचीकृत संगठित संस्थाको नियामकीय अनुपालना, जानकारीको खुलासा, सुशासन, वित्तीय अवस्था तथा लगानीकर्ता संरक्षण सम्बन्धी विषयहरूको निरन्तर अनुगमन गर्नेछ।

(२) बोर्डले जोखिममा आधारित (Risk-Based Supervision) प्रणाली अवलम्बन गर्न सक्नेछ।

११९. <u>विशेष निरीक्षण तथा अनुसन्धानः</u> (१) बोर्डले आवश्यक ठानेमा कुनै पनि सूचीकृत संगठित संस्थाकोः

(क) विशेष निरीक्षण,

(ख) विशेष लेखापरीक्षण,

(ग) फरेन्सिक लेखापरीक्षण,

(घ) सूचना प्रविधि परीक्षण,

(ङ) संस्थागत सुशासन पुनरावलोकन,

गराउन सक्नेछ।

१२०. <u>सुधारात्मक निर्देशनः</u> नियामकीय कमजोरी वा उल्लङ्घन देखिएमा बोर्डले संगठित संस्थालाई देहायबमोजिम निर्देशन दिन सक्नेछः

(क) सुधारात्मक कार्ययोजना पेश गर्न,

(ख) निश्चित अवधिभित्र कमजोरी सुधार गर्न,

(ग) अतिरिक्त जानकारी तथा विवरण खुलासा गर्न,

(घ) स्वतन्त्र विशेषज्ञ नियुक्त गर्न,

(ङ) अन्य आवश्यक नियामकीय व्यवस्था कार्यान्वयन गर्न।

१२१. <u>अनुपालना प्रतिवेदन</u> (१) संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि बोर्डले तोकेको ढाँचामा अनुपालना प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उक्त प्रमाणपत्र सञ्चालक समितिबाट अनुमोदित तथा प्रमुख कार्यकारी अधिकृत, प्रमुख वित्तीय अधिकृत, कम्पनी सचिव तथा अनुपालना अधिकृतद्वारा प्रमाणित गरिएको हुनुपर्नेछ।

१२२. <u>उल्लङ्घनको प्रतिवेदनः</u> (१) संगठित संस्थाले कुनै महत्वपूर्ण नियामकीय उल्लङ्घन, Fraud, Cyber Incident, Internal Control Failure वा अन्य गम्भीर घटना भएमा यथाशीघ्र बोर्डलाई जानकारी गराउनुपर्नेछ।

(२) संगठित संस्थाले त्यस्तो घटनाको कारण, प्रभाव तथा सुधारात्मक कार्ययोजना समेत पेश गर्नुपर्नेछ।

१२३. <u>वार्षिक नियामकीय समीक्षा:</u> (१) बोर्डले आवश्यक ठानेमा सूचीकृत संगठित संस्थाको वार्षिक नियामकीय समीक्षा गर्न सक्नेछ।

(२) समीक्षा प्रतिवेदनका आधारमा बोर्डले आवश्यक निर्देशन, सुधारात्मक आदेश वा अन्य नियामकीय कारबाही गर्न सक्नेछ।

१२४. <u>अनुसूचीहरूको प्रयोग:</u> यस परिच्छेदको कार्यान्वयनका लागि देहायका अनुसूची तथा बोर्डले स्वीकृत गरेका अन्य ढाँचाहरू प्रयोग गरिनेछन्—

(क) वार्षिक अनुपालनाको सर्टिफिकेट

(ख) संस्थागत सुशासन सम्बन्धी अनुपालनाको सर्टिफिकेट

(ग) निष्काशनबाट प्राप्त रकमको उपयोगिताको प्रतिवेदन

(घ) निरन्तर डिस्क्लोजर प्रतिवेदन

(ङ) लगानीकर्ता गुनासो प्रतिवेदन

(च) मुल्यांकन एवं परीक्षण सम्बन्धी चेकलिष्ट

(छ) बोर्डले स्वीकृत गरेका अन्य अनुसूची, प्रतिवेदन तथा फारामहरू।

परिच्छेद—१२

<u>निरीक्षण, अनुसन्धान, तथा नियामकीय कारबाही</u>

१२५. <u>निरीक्षण गर्ने अधिकार:</u> (१) बोर्डले यस निर्देशिका, प्रचलित धितोपत्र कानून तथा बोर्डबाट जारी निर्देशनहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कुनै पनि समयमा संगठित संस्था, निष्काशन तथा बिक्री प्रबन्धक, संस्थापक शेयरधनी, सञ्चालक, प्रमुख व्यवस्थापन, लेखापरीक्षक वा अन्य सम्बन्धित पक्षहरूको कागजात तथा विवरण माग गरी परीक्षण तथा आवश्यकता बमोजिम निरीक्षण गर्न सक्नेछ।

१२६. <u>निरीक्षणको उद्देश्य:</u> बोर्डले विशेषतः देहायका विषयहरूको परीक्षण गर्न निरीक्षण गर्न सक्नेछः

(क) प्रारम्भिक सार्वजनिक निष्काशन योग्यता सम्बन्धी शर्तहरूको पालना,

(ख) विवरणपत्रमा गरिएको विवरण खुलासा एवं प्रस्तुतीको सत्यता,

(ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग,

(घ) संस्थागत सुशासनको कार्यान्वयन,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली,

(च) जोखिम व्यवस्थापन,

(छ) वित्तीय प्रतिवेदन,

(ज) नियामकीय अनुपालना,

(झ) लगानीकर्ता संरक्षण,

(ञ) अन्य आवश्यक विषय।

१२७. <u>अभिलेख तथा जानकारी माग गर्ने अधिकार:</u> (१) बोर्डले निरीक्षण वा अनुसन्धानको क्रममा कुनै पनि सम्बन्धित व्यक्ति वा संस्थासँग आवश्यक कागजात, अभिलेख, प्रतिवेदन, सूचना वा स्पष्टीकरण माग गर्न सक्नेछ।

(२) सम्बन्धित पक्षले बोर्डले तोकेको अवधिभित्र माग गरिएको सम्पूर्ण जानकारी उपलब्ध गराउनुपर्नेछ।

(३) विद्युतीय अभिलेख, इमेल, डिजिटल डेटा, सम्झौता, बैंक विवरण तथा अन्य प्रमाणहरू समेत बोर्डले माग गर्न सक्नेछ।

१२८. <u>विशेष अनुसन्धान:</u> (१) देहायको कुनै अवस्था देखिएमा बोर्डले विशेष अनुसन्धान गर्न सक्नेछः

(क) झुट्टा वा भ्रामक विवरण पेश गरिएको,

(ख) प्रारम्भिक सार्वजनिक निष्काशन रकमको दुरुपयोग भएको,

(ग) वित्तीय अनियमितता भएको,

(घ) झुट्टा वा भ्रामक भएको,

(ङ) संस्थागत सुशासन सम्बन्धी गम्भीर कमजोरी रहेको,

(च) सार्वजनिक लगानीकर्ताको हितमा प्रतिकूल असर पर्ने अन्य अवस्था।

(छ) विशेष अनुसन्धानका लागि बोर्डले अनुसन्धान समिति वा स्वतन्त्र विशेषज्ञ नियुक्त गर्न सक्नेछ।

१२९. <u>विशेष लेखापरीक्षण तथा फरेन्सिक परीक्षणः</u> (१) बोर्डले आवश्यक ठानेमा संगठित संस्थाकोः

(क) विशेष लेखापरीक्षण,

(ख) फरेन्सिक परीक्षण,

(ग) सूचना प्रविधि परीक्षण,

(घ) संस्थागत सुशासन परीक्षण,

(ङ) रकम उपयोगको लेखा परीक्षण,

गराउन सक्नेछ।

(२) त्यस्तो परीक्षणको खर्च सम्बन्धित संगठित संस्थाले व्यहोर्नु पर्नेछ।

१३०. <u>स्थलगत निरीक्षणः</u> (१) बोर्डले परियोजना स्थल, कार्यालय, निर्माणस्थल, वा अन्य सम्बन्धित स्थानको निरीक्षण गर्न सक्नेछ।

(२) संगठित संस्थाले निरीक्षण टोलीलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ।

१३१. <u>सहयोग गर्ने दायित्वः</u> संगठित संस्था तथा सम्बन्धित सबै व्यक्ति वा संस्थाले निरीक्षण तथा अनुसन्धानको क्रममाः

(क) आवश्यक कागजात उपलब्ध गराउने,

(ख) सत्य जानकारी दिने,

(ग) अभिलेख सुरक्षित राख्ने,

(घ) निरीक्षणमा अवरोध नगर्ने,

दायित्व वहन गर्नुपर्नेछ।

१३२. <u>सुधारात्मक निर्देशन</u>: निरीक्षण वा अनुसन्धानबाट कमजोरी देखिएमा बोर्डले देहायबमोजिम निर्देशन दिन सक्नेछः

(क) निश्चित अवधिभित्र सुधार गर्न,

(ख) सुधार कार्ययोजना पेश गर्न,

(ग) अतिरिक्त विवरण खुलासा गर्न,

(घ) प्रणाली सुधार गर्न,

(ङ) स्वतन्त्र विशेषज्ञ नियुक्त गर्न,

(च) संस्थागत सुशासन सुधार गर्न,

(छ) अन्य आवश्यक नियामकीय व्यवस्था कार्यान्वयन गर्न।

१३३. <u>अन्तरिम नियामकीय आदेश</u>: सार्वजनिक लगानीकर्ताको हितमा तत्काल जोखिम देखिएमा बोर्डले आवश्यकताअनुसारः

(क) सार्वजनिक निष्काशन प्रक्रिया स्थगन गर्न,

(ख) प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग रोक्न,

(ग) सम्बन्धित व्यक्तिलाई थप कार्य गर्न रोक लगाउन,

(घ) अन्य निर्देशन जारी गर्न,

सक्नेछ।

१३४. <u>निरीक्षण प्रतिवेदन</u>: (१) प्रत्येक निरीक्षण वा अनुसन्धानपछि बोर्डले निरीक्षण प्रतिवेदन तयार गर्नेछ।

(२) प्रतिवेदनमा कम्तीमा देहायका विषयहरू समावेश हुनेछन्

(क) निरीक्षणको उद्देश्य,

(ख) परीक्षण गरिएका विषय,

(ग) मुख्य निष्कर्ष,

(घ) पहिचान गरिएका कमजोरी,

(ङ) जोखिमको स्तर,

(च) सुधारात्मक सिफारिस,

(छ) नियामकीय कारबाही सम्बन्धी सिफारिस।

१३५. <u>स्पष्टीकरण माग गर्ने अधिकार</u>: (१) निरीक्षण वा अनुसन्धानबाट कुनै उल्लङ्घन देखिएमा बोर्डले सम्बन्धित संगठित संस्था वा व्यक्तिसँग लिखित स्पष्टीकरण माग गर्न सक्नेछ।

(२) सम्बन्धित पक्षले तोकिएको अवधिभित्र कारणसहित लिखित जवाफ पेश गर्नुपर्नेछ।

१३६. **<u>स्वैच्छिक सुधारः</u>** (१) संगठित संस्थाले निरीक्षणबाट देखिएका कमजोरीहरू स्वप्रेरणाले सुधार गर्न सक्नेछ।

(२) बोर्डले सुधारको प्रगति सन्तोषजनक देखिएमा नियामकीय कारबाही निर्धारण गर्दा त्यसलाई सहायक आधारका रूपमा लिन सक्नेछ।

१३७. **<u>अन्य नियामकीय निकायसँग समन्वयः</u>** आवश्यकताअनुसार बोर्डले देहायका निकायहरूसँग सूचना आदानप्रदान तथा समन्वय गर्न सक्नेछः

(क) नेपाल राष्ट्र बैंक,

(ख) कम्पनी रजिष्ट्रारको कार्यालय,

(ग) विद्युत विकास विभाग,

(घ) नेपाल विद्युत प्राधिकरण,

(ङ) राजस्व अनुसन्धान विभाग,

(च) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग,

(छ) अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

(ज) अन्य सरकारी वा नियामकीय निकाय।

१३८. **<u>गोपनीयताः</u>** (१) निरीक्षण तथा अनुसन्धानबाट प्राप्त गोप्य जानकारी बोर्डले कानूनबमोजिम सुरक्षित राख्नेछ।

(२) कानूनी दायित्व, अदालतको आदेश वा सार्वजनिक हितमा आवश्यक नभएसम्म त्यस्तो जानकारी सार्वजनिक गरिने छैन।

१३९. **<u>अनुसूची तथा कार्यविधिः</u>** यस परिच्छेदको कार्यान्वयनका लागि बोर्डले आवश्यकताअनुसार देहायका कार्यविधि तथा ढाँचाहरू प्रयोग गर्न सक्नेछः

(क) निरीक्षण दिग्दर्शन (Inspection Manual),

(ख) अनुसन्धान दिग्दर्शन (Investigation Manual),

(ग) जोखिममा आधारित निरीक्षणको सूची (Risk-Based Inspection Checklist),

(घ) Forensic Review Checklist,

(ङ) Enforcement Recommendation Form,

(च) Corrective Action Monitoring Format,

(छ) अन्य बोर्डले स्वीकृत गरेका निरीक्षण तथा अनुसन्धान सम्बन्धी कार्यविधि।

परिच्छेद—१३

कसुर, दण्ड तथा प्रशासनिक कारबाही

१४०. **<u>कसुर मानिने कार्यहरूः</u>** देहायका कार्यहरू यस निर्देशिका अन्तर्गत कसुर (Regulatory Offence) मानिनेछः

(क) झुट्टा, भ्रामक वा अपूर्ण विवरण पेश गर्ने,

(ख) महत्वपूर्ण तथ्य जानाजानी लुकाउने,

(ग) प्रारम्भिक सार्वजनिक निष्काशन योग्यता सम्बन्धी गलत घोषणा गर्ने,

(घ) नक्कली वा भ्रामक कागजात पेश गर्ने,

(ङ) सार्वजनिक निष्काशनबाट प्राप्त रकम स्वीकृत उद्देश्यभन्दा फरक प्रयोग गर्ने,

(च) बोर्डले मागेको सूचना वा कागजात उपलब्ध नगराउने,

(छ) निरीक्षण वा अनुसन्धानमा अवरोध गर्ने,

(ज) स्वार्थको द्वन्द्व लुकाउने,

(झ) ड्यु डिलिजेन्स नगरी प्रमाणपत्र जारी गर्ने,

(ञ) संस्थागत सुशासन सम्बन्धी झुट्टा प्रमाणीकरण गर्ने,

(ट) यस निर्देशिका वा बोर्डको निर्देशनको अन्य कुनै गम्भीर उल्लङ्घन गर्ने।

१४१. **जिम्मेवार व्यक्तिः** देहायका व्यक्ति वा संस्था उल्लङ्घनका लागि उत्तरदायी हुन सक्नेछन्:

(क) संगठित संस्था,

(ख) संस्थापक शेयरधनी,

(ग) सञ्चालक,

(घ) प्रमुख कार्यकारी अधिकृत,

(ङ) प्रमुख वित्तीय अधिकृत,

(च) कम्पनी सचिव,

(छ) अनुपालना अधिकृत,

(ज) निष्काशन तथा बिक्री प्रबन्धक,

(झ) लेखापरीक्षक,

(ञ) स्वतन्त्र इन्जिनियर,

(ट) कानूनी परामर्शदाता,

(ठ) अन्य सम्बन्धित व्यवसायिक व्यक्ति वा संस्था।

१४२. **प्रशासनिक कारबाहीः** संगठित संस्थालाई बोर्डले उल्लङ्घनको प्रकृति, गम्भीरता तथा प्रभावलाई मध्यनजर गरी देहायका प्रशासनिक कारबाही गर्न सक्नेछः

(क) चेतावनी,

(ख) निर्देशन जारी गर्ने,

(ग) सुधारात्मक कार्ययोजना लागू गर्न आदेश दिने,

(घ) सार्वजनिक निष्काशन प्रक्रिया स्थगन गर्ने,

(ङ) सार्वजनिक निष्काशनको स्वीकृति रद्द गर्ने,

(च) थप विवरण खुलासा गर्न निर्देशन दिने,

(छ) विशेष लेखापरीक्षण वा फरेन्सिक परीक्षण गराउने,

(ज) अन्य उपयुक्त नियामकीय कारबाही गर्ने।

१४३. **<u>आर्थिक दण्डः</u>** (१) उल्लङ्घनको प्रकृति तथा गम्भीरताका आधारमा बोर्डले प्रचलित धितोपत्र सम्बन्धी कानून बमोजिम आर्थिक दण्ड लगाउन सक्नेछ।

(२) आर्थिक दण्ड निर्धारण गर्दा विशेषतः देहायका विषयहरूको आधारमा गर्न सक्नेछः

(क) उल्लङ्घनको प्रकृति,

(ख) लगानीकर्तामा परेको प्रभाव,

(ग) प्राप्त अनुचित लाभ,

(घ) उल्लङ्घन दोहोरिएको वा नदोहोरिएको,

(ङ) संगठित संस्था वा सम्बन्धित व्यक्तिको सहयोगको स्तर,

(च) सुधारात्मक कार्यको अवस्था।

१४४. **<u>सार्वजनिक निष्काशन स्थगन वा रद्दः</u>** देहायको अवस्थामा बोर्डले सार्वजनिक निष्काशन स्थगन वा रद्द गर्न सक्नेछः

(क) विवरणपत्रमा गम्भीर भ्रामक सूचना रहेको,

(ख) प्रारम्भिक सार्वजनिक निष्काशन योग्यता गुमाएको,

(ग) Fraud वा Misrepresentation प्रमाणित भएको,

(घ) सार्वजनिक हितमा प्रतिकूल असर पर्ने अवस्था रहेको,

(ङ) अन्य गम्भीर नियामकीय कारण।

१४५. **<u>सम्बन्धित व्यवसायिक संस्था माथिको कारबाहीः</u>** निष्काशन तथा बिक्री प्रबन्धक, लेखापरीक्षक, कानूनी परामर्शदाता, स्वतन्त्र इन्जिनियर वा अन्य सम्बन्धित व्यवसायिक संस्थाले आफ्नो पेशागत दायित्व पूरा नगरेमा बोर्डले

(क) चेतावनी दिने,

(ख) सुधारात्मक निर्देशन जारी गर्ने,

(ग) निश्चित अवधिसम्म सार्वजनिक निष्काशनसम्बन्धी कार्य गर्न रोक लगाउने,

(घ) सम्बन्धित इजाजत वा स्वीकृतिसम्बन्धी कारबाहीका लागि सक्षम निकायलाई सिफारिस गर्ने,

सक्नेछ।

१४६. **<u>अनुचित लाभ</u>** सार्वजनिक निष्काशन सम्बन्धमा कुनै व्यक्ति वा संस्थाले अनुचित आर्थिक लाभ प्राप्त गरेको प्रमाणित भएमा बोर्डले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा कारबाहीका लागि लेखी पठाउन सक्नेछ।

१४७. **<u>सुधारात्मक आदेशः</u>** बोर्डले आवश्यक ठानेमा देहायका सुधारात्मक आदेश जारी गर्न सक्नेछ—

(क) विवरणपत्र संशोधन गर्ने,

(ख) थप सूचना सार्वजनिक गर्ने,

(ग) संस्थागत सुशासन सुधार गर्ने,

(घ) आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने,

(ङ) स्वतन्त्र विशेषज्ञ नियुक्त गर्ने,

(च) अन्य आवश्यक सुधारात्मक व्यवस्था कार्यान्वयन गर्ने।

१४८. <u>स्वैच्छिक अनुपालनः</u> (१) संगठित संस्थाले आफ्नो त्रुटि स्वयं स्वीकार गरी सुधारात्मक योजना पेश गरेमा बोर्डले कारबाही निर्धारण गर्दा त्यसलाई सहायक आधारका रूपमा लिन सक्नेछ।

(२) यस व्यवस्थाले गम्भीर उल्लंघन, भ्रष्टाचार वा जानाजानी गरिएको उल्लङ्घनमा छुट प्रदान गरेको मानिने छैन।

१४९. <u>सुनुवाइको अधिकारः</u> (१) कुनै पनि प्रमुख प्रशासनिक/आर्थिक कारबाही गर्नु अघि बोर्डले सम्बन्धित व्यक्ति वा संस्थालाई आफ्नो धारणा प्रस्तुत गर्ने उचित अवसर प्रदान गर्नेछ।

(२) सुनुवाइको प्रक्रिया प्राकृतिक न्यायमा आधारित हुनेछ।

१५०. <u>पुनरावेदनः</u> यस निर्देशिका अन्तर्गत बोर्डले गरेको निर्णय वा आदेश उपर सम्बन्धित पक्षले प्रचलित कानून बमोजिम तोकिएको निकायमा पुनरावेदन गर्न सक्नेछ।

१५१. <u>फौजदारी कारबाहीमा असर नपर्नेः</u> यस परिच्छेद अन्तर्गत गरिएको प्रशासनिक वा नियामकीय कारबाहीले प्रचलित कानून बमोजिम हुने फौजदारी, देवानी वा अन्य कानूनी कारबाहीमा कुनै असर पार्ने छैन।

१५२. <u>अन्य कानूनी कारबाहीका लागि सिफारिसः</u> निरीक्षण वा अनुसन्धानका क्रममा भ्रष्टाचार, जालसाजी, सम्पत्ति शुद्धीकरण, कर छल, वित्तीय अपराध वा अन्य गम्भीर कसुर भएको देखिएमा बोर्डले सम्बन्धित निकायमा आवश्यक कारबाहीका लागि सिफारिस गर्न सक्नेछ।

१५३. <u>सम्बन्धित कार्यविधिः</u> यस परिच्छेदको कार्यान्वयनका लागि बोर्डले आवश्यकताअनुसार देहायका कार्यविधि जारी गर्न सक्नेछः

(क) कानून प्रबलीकरण म्यानुअल,

(ख) प्रशासनिक कारवाहीको कार्यविधि

(ग) उठेका विषय मिलान सम्बन्धी कार्यविधि,

(घ) सुधारात्मक कार्य गराउने कार्यविधि,

(ङ) नियमन पालनाको अनुगमन सम्बन्धी कार्यविधि

(च) अन्य आवश्यक निर्देशन, मापदण्ड वा कार्यविधि।

परिच्छेद–१४

विविध

१५४. <u>बोर्डको निर्देशन जारी गर्ने अधिकारः</u> (१) यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि बोर्डले आवश्यकताअनुसार निर्देशन, कार्यविधि, मापदण्ड, परिपत्र, मार्गदर्शन, स्पष्टीकरण जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएका निर्देशनहरू यस निर्देशिकाको अभिन्न अंगका रूपमा लागू हुनेछन्।

१५५. <u>अधिकार प्रत्यायोजन:</u> (१) बोर्डले यस निर्देशिका अन्तर्गत प्राप्त केही अधिकार आवश्यकताअनुसार अध्यक्ष, कार्यकारी निर्देशक, विभागीय प्रमुख वा अन्य अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन गरिएको अधिकारको प्रयोग गर्दा सम्बन्धित अधिकारीले बोर्डद्वारा स्वीकृत कार्यविधि तथा सीमाको पालना गर्नुपर्नेछ।

(३) सार्वजनिक निष्काशन स्वीकृति, अस्वीकृति वा रद्द गर्ने अन्तिम अधिकार बोर्डमै निहित रहनेछ।

१५६. <u>विद्युतीय प्रणाली तथा डिजिटल अभिलेखको मान्यता:</u> (१) यस निर्देशिका अन्तर्गत पेश गरिने आवेदन, प्रमाणपत्र, प्रतिवेदन, घोषणा तथा अन्य कागजात विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

(२) बोर्डले स्वीकृत गरेको Digital Submission System, Online Portal, Electronic Signature तथा Digital Authentication कानूनी रूपमा मान्य हुनेछ।

(३) विद्युतीय अभिलेख तथा डिजिटल डेटा मूल अभिलेख सरह मानिनेछ।

१५७. <u>गोपनीयता:</u> (१) सार्वजनिक निष्काशन प्रक्रियामा प्राप्त गोप्य जानकारी सम्बन्धित पक्षले गोप्य राख्नुपर्नेछ।

(२) निम्न अवस्थाबाहेक गोप्य जानकारी सार्वजनिक गर्न पाइने छैनः

(क) प्रचलित कानूनले स्वीकृति दिएको अवस्थामा,

(ख) अदालतको आदेशमा,

(ग) नियामकीय उद्देश्यका लागि,

(घ) सार्वजनिक हितको संरक्षणका लागि।

१५८. <u>स्वार्थको द्वन्द्व:</u> (१) सार्वजनिक निष्काशन प्रक्रियामा संलग्न कुनै पनि व्यक्ति वा संस्थाले आफ्नो स्वार्थको द्वन्द्व भएको अवस्था तत्काल बोर्डलाई लिखित रूपमा जानकारी गराउनुपर्नेछ।

(२) स्वार्थको द्वन्द्व रहेको अवस्थामा बोर्डले सम्बन्धित व्यक्तिलाई उक्त प्रक्रियाबाट अलग गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ।

१५९. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> (१) यस निर्देशिकाको कार्यान्वयनमा गर्दा कुनै कठिनाइ वा अवरोध आएमा बोर्डले बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) यस्तो व्यवस्था प्रचलित धितोपत्र सम्बन्धी कानूनसँग बाझिने गरी प्रयोग गरिने छैन।

१६०. <u>संक्रमणकालीन व्यवस्था:</u> (१) यस निर्देशिका लागू हुनुअघि बोर्डसमक्ष दर्ता भएका सार्वजनिक निष्काशन सम्बन्धी आवेदनमा बोर्डले आवश्यक ठानेमा यस निर्देशिकाका उपयुक्त व्यवस्थाहरू लागू गर्न सक्नेछ।

(२) बोर्डले संक्रमणकालीन अवधिका लागि आवश्यक निर्देशन जारी गर्न सक्नेछ।

१६१. <u>प्रचलित कानूनसँगको सम्बन्ध:</u> (१) यस निर्देशिकामा उल्लेख नभएका विषयमा प्रचलित धितोपत्र सम्बन्धी कानून, संगठित संस्था सम्बन्धी कानून, विद्युत सम्बन्धी कानून तथा अन्य सम्बन्धित कानून लागू हुनेछन्।

(२) यस निर्देशिका र अन्य नियामकीय व्यवस्थाबीच विरोधाभास देखिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

१६२. <u>अनुसूची संशोधन गर्ने अधिकार:</u> (१) बोर्डले आवश्यकता, बजार विकास, प्रविधिगत परिवर्तन, अन्तर्राष्ट्रिय अभ्यास वा सार्वजनिक हितलाई दृष्टिगत गरी यस निर्देशिकाका अनुसूची, फाराम, चेकलिस्ट, स्कोरकार्ड तथा प्रतिवेदन ढाँचामा संशोधन, थपघट वा परिमार्जन गर्न सक्नेछ।

(२) अनुसूचीमा गरिएको संशोधन बोर्डको निर्णयपश्चात् लागू हुनेछ, अन्यथा निर्णयमा उल्लेख भएको मितिदेखि लागू हुनेछ।

१६३. <u>व्याख्या गर्ने अधिकार:</u> (१) यस निर्देशिकाको कुनै व्यवस्था, शब्द वा परिभाषाको कार्यान्वयनमा अस्पष्टता वा विवाद उत्पन्न भएमा बोर्डको आधिकारिक व्याख्या मान्य हुनेछ।

(२) बोर्डले आवश्यकताअनुसार व्याख्यात्मक परिपत्र, मार्गदर्शन वा स्पष्टीकरण जारी गर्न सक्नेछ।

१६४. <u>अनुसरण गर्नुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड:</u> यस निर्देशिकाको कार्यान्वयनमा आवश्यकताअनुसार देहायका अन्तर्राष्ट्रिय सिद्धान्त तथा असल अभ्यासहरूलाई सन्दर्भका रूपमा अवलम्बन गर्न सकिनेछ:

(क) धितोपत्र नियमनसम्बन्धी IOSCO का उद्देश्य तथा सिद्धान्तहरू

(ख) (ख) संस्थागत सुशासनसम्बन्धी OECD का सिद्धान्तहरू

(ग) (ग) संस्थागत सुशासनसम्बन्धी IFC को कार्यविधि/पद्धति

(घ) (घ) IFRS (अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानदण्ड) तथा NFRS (नेपाल वित्तीय प्रतिवेदन मानदण्ड)

(ङ) COSO को आन्तरिक नियन्त्रण ढाँचा

(च) ISO 31000 जोखिम व्यवस्थापन मार्गदर्शन

(छ) विश्व बैंकको वातावरणीय तथा सामाजिक ढाँचा

(ज) अन्य बोर्डले उपयुक्त ठानेका अन्तर्राष्ट्रिय मापदण्ड

१६५. <u>खारेजी तथा बचाउ:</u> (१) यस निर्देशिका लागू भएपछि बोर्डका पूर्वनिर्देशन, कार्यविधि वा परिपत्र यस निर्देशिकासँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन्।

(२) यस निर्देशिका लागू हुनुअघि भएका वैध कार्यहरू यस निर्देशिकाले अन्यथा व्यवस्था नगरेसम्म वैध नै रहनेछन्।

१६६. <u>कार्यान्वयन:</u> (१) बोर्डले यस निर्देशिका कार्यान्वयनका लागि आवश्यक कार्ययोजना, संस्थागत व्यवस्था, सूचना प्रणाली, मानव संसाधन विकास, क्षमता अभिवृद्धि कार्यक्रम तथा अनुगमन प्रणाली विकास गर्नेछ।

(२) आवश्यकताअनुसार बोर्डले सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्यान्वयन योजना तयार गर्न सक्नेछ।

१६७. <u>लागू हुने मिति</u>: यो निर्देशिका बोर्डबाट स्वीकृत भई बोर्डले तोकेको मितिदेखि लागू हुनेछ।

***